महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७९

हरिपुर नगरपालिका

सर्लाही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(मधेश प्रदेश)

पत्र संख्याः २०७८।७९

च.नं. ४१३ मितिः २०७९।३।२१

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
हरिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सर्लाही ।

कैफियत सहितको राय

हामीले हरिपुर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू.८ करोड ७२ लाख १ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्रमाण पेश हुन आएको छैन । उक्त वेरुजु मध्ये असुल गर्नुपर्ने रू.४ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ६८ लाख ५२ हजार, नियमित गर्नुपर्ने रू.४ करोड ७५ लाख ७ हजार र पेश्की वेरुजु रु.२४ लाख ३३ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष सम्म २५ करोड ९५ लाख २ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट नभई यो वर्ष ८ करोड ७२ लाख १ हजार कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु ३४ करोड ६७ लाख ३ हजार रहेको छ । **नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएको कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्तासे सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक

हरिपुर नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रकम रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
८६	७५	८७२०१	०	०	०	८६	७५	८७२०१	४०९	४७५०७	३६८५२	०	०	८४३५९	२४३३

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रकम रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सर्लाही	२५९५०२	०	०	२५९५०२	०	८७२०१	३४६७०३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : हरिपुर नगरपालिका, सर्लाही , हरिपुर नगरपालिका , सर्लाही

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	Raj Kumar Das	२०७८-१-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Udaya Prasad Devkota	२०७७-४-१	२०७८-१-१९
लेखा प्रमुख	Rajeev Mahato	२०७७-४-१	२०७७-९-५
लेखा प्रमुख	Ranjit Kumar Ray Yadav	२०७८-९-६	
		बेरुजु रकम	८७,२००,८५१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३,९८,८०,४२६.७३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३२,७०,६८,३४०	**चालु खर्च**	२९,३९,५९,८४१.१५
प्रदेश सरकारबाट अनुदान	१,३३,०८,१९७.८	**पूँजीगत खर्च**	१५,६३,८६,७८६.६३
राजश्व बाँडफाँट	८,०४,५५,५४१.८९	**वित्तीय/अन्य व्यवस्था**	१२,७२,४०,५९८.८३
आन्तरिक आय	३८,२४,८०१.६५		
अन्य आय	१२,०६,४१,४०३.६६		
कुल आय	५४,५२,९८,२८५	**कुल खर्च**	५७,७५,८७,२२६.६१
बाँकी मौज्दात		१०,७५,९१,४८५.१२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ६६.८६ वर्ग किलोमिटर क्षेत्रफल तथा ४२७८३ जनसंख्या रहेको छ ।	
२			**संवैधानिक र कानूनी व्यवस्था** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ ।सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।	
३			**आर्थिक कारोवारको स्थिती** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:	

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		५०,७२,९५,९८४.१०	४५,८७,९४,०५२.७०		४५,८७,९४,०५२.७०	४९,४२,५१,३५३.८२	१६,००,०००	४९,५८,५१,३५३.८२
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४८,७७,६७,३०३.४१	४३,४९,१८,५९९.५४	०	४३,४९,१८,५९९.५४	३८,५२,५२,०५२.०३	१६,००,०००	३८,६८,५२,०५२.०३
११००० कर	११	९,९९,१६,२७३	८,०४,५५,५४१.८९	०	८,०४,५५,५४१.८९	६,७५,१६,५५२.०३	०	६,७५,१६,५५२.०३
१३०००		३७,०५,६५,३५०	३४,३६,०५,३४७.३०	०	३४,३६,०५,३४७.३०	३१,२८,९७,४१८	१६,००,०००	३१,४४,९७,४१८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			अनुदान									
			संघीय सरकार	१२	३३,२१,४३,३५०	३२,७०,६८,३४०	०	३२,७०,६८,३४०	२९,६१,१३,१४०	१६,००,०००	२९,७७,१३,१४०	
			प्रदेश सरकार	१२	२,०३,२८,०००	१,३३,०८,१९७.८०	०	१,३३,०८,१९७.८०	१,६७,८४,२७८	०	१,६७,८४,२७८	
			अन्तरिक श्रोत		१,३०,९४,०००	२६,००,८०९.५०	०	२६,००,८०९.५०	०	०	०	
			जनसहभागिता		५०,००,०००	६,२८,०००	०	६,२८,०००	०	०	०	
			१४००० अन्य राजस्व		१,७२,८५,६८०.४१	१,०८,५७,७१०.३५	०	१,०८,५७,७१०.३५	४८,३८,०८२	०	४८,३८,०८२	
			ख. अन्य प्राप्ति		१,९५,२८,६८०.६९	२,३८,७५,४५३.१६		२,३८,७५,४५३.१६	१०,८९,९९,३०१.७९		१०,८९,९९,३०१.७९	
			वितरण गर्न बाकी राजस्व		०	८००	०	८००	०	०	०	
			कोषहरु		१,९५,२८,६८०.६९	१,९३,८३,७१६.१९	०	१,९३,८३,७१६.१९	२,४७,८३,१३७.९९	०	२,४७,८३,१३७.९९	
			धरौटी		०	४४,९०,९३६.९७	०	४४,९०,९३६.९७	०	०	०	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	८,४२,१६,१६३.८०	०	८,४२,१६,१६३.८०	
			भुक्तानी (ग+घ)		६५,९५,४९,४७६.४३	४५,६७,६४,७९९.३२		४५,६७,६४,७९९.३२	४९,५५,९२,१९८.५१	१५,९९,१९८.६४	४९,७१,९१,३९७.१५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			ग. भुक्तानी (सञ्चित कोषबाट)		६४,००,२०,७९५.७४	४५,०३,४६,६२७.७८		४५,०३,४६,६२७.७८	४०,५३,८८,०९८.४१	१५,९९,१९८.६४	४०,६९,८७,२९७.०५	
			२१००० पारिश्रमिक / सुविधा	१८	१४,८९,००,३५०	१३,४५,७६,२४५.७३	०	१३,४५,७६,२४५.७३	१०,३८,६९,३८२.७८	०	१०,३८,६९,३८२.७८	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	८,९६,७९,९५६.७४	५,९४,०७,३३७.४४	०	५,९४,०७,३३७.४४	६,७९,०४,१८१.६३	१५,९९,१९८.६४	६,९५,०३,३८०.२७	
			२५००० सहायता (Subsidy)	१८	५,३५,१९,०००	३,९२,९१,५१५.६६	०	३,९२,९१,५१५.६६	२,३७,५८,१९५.१५	०	२,३७,५८,१९५.१५	
			२६००० अनुदान	१८	१,२६,८९,०००	८१,४१,९३३.६५	०	८१,४१,९३३.६५	१०,६५,०००	०	१०,६५,०००	
			२७००० सामाजिक सुरक्षा	१८	१,६७,५९,०००	१,०८,८८,०४०.५८	०	१,०८,८८,०४०.५८	१,०९,९५,०१३.८३	०	१,०९,९५,०१३.८३	
			२८००० अन्य खर्च	१८	४,३६,१३,६६८.०९	४,१६,५४,७६८.०९	०	४,१६,५४,७६८.०९	१९,१७,७१०	०	१९,१७,७१०	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२७,४८,५९,८२०.९१	१५,६३,८६,७८६.६३	०	१५,६३,८६,७८६.६३	१९,५८,७८,६१५.०२	०	१९,५८,७८,६१५.०२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			अन्य भूक्तानी		१,९५,२८,६८०.६९	६४,१८,१७१.५४		६४,१८,१७१.५४	४९,५५,९२,१९८.५१	१५,९९,१९८.६४	४९,७१,९१,३९७.१५	
			कोषहरु		१,९५,२८,६८०.६९	३०,४९,६६७.६६	०	३०,४९,६६७.६६	५९,८७,९३६.३०	०	५९,८७,९३६.३०	
			धरौटी		०	३३,६८,५०३.८८	०	३३,६८,५०३.८८	०	०	०	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	८,४२,१६,१६३.८०	०	८,४२,१६,१६३.८०	
			ङ. यो वर्षको बचत (न्युन)		(१५,२२,५३,४९२.३३)	२०,२९,२५३.३८		२०,२९,२५३.३८	(१३,४०,८४४.६९)	८०१.३६	(१३,४०,०४३.३३)	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२८,०४,७६,५७५.५१		२८,०४,७६,५७५.५१	१६,१४,८१,३९३.८०		१६,१४,८१,३९३.८०	
			वर्षान्तको बाकी रकम (ङ + च)		(१५,२२,५३,४९२.३३)	२८,२५,०५,८२८.८९		२८,२५,०५,८२८.८९	१६,०१,४०,५४९.११	८०१.३६	१६,०१,४१,३५०.४७	
			बैंक तथा नगद बाकी	२४		२८,२५,०५,८२८.८९		२८,२५,०५,८२८.८९	१७,०९,८०,३२६.४७		१७,०९,८०,३२६.४७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**सबै कारोबार नसमेटेको** कार्यालयले आर्थिक कारोवार संचालन गर्दा सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड, युनिसेफ आदी) सूत्रमा प्राविष्टि गरी सो अनुसार म.ले.प.फा.नं २७२, र २७२ को सहायक अनूसूची-१ देखी २४ सम्म पूर्ण रुपमा तयार गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा सो अनुसार सबै कारोवार सुत्रमा समावेश नभएको, त्यस्तै अनुसूचि १ देखी २४ सम्म बैक अनुसार बाँकी समेत राखी अनुसूची पूर्ण रुपमा तयार नगरेको आदी कारणबाट वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले कुल खर्च रु ५७७५८७२२६.६१ मध्ये रु १२०८२२४२७.२९ को कारोबार समेटेको देखिएन । तसर्थ यसमा भएका सबै कमजोरी सुधार गरी सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ ।	
५			**घटी जिम्मेवारी** \स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आ.ब. २०७६/०७७ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची १० मा सञ्चित कोष रु १४१३४६१४८.७८ बाँकी मौज्दात रहेकोमा यो बर्षको सोही प्रतिवेदनको अनुसूची १० मा गत बर्षको जिम्मेवारी रु १३३७१५४९२.३३ सारेको पाइयो । यसरी वित्तीय प्रतिवेदनमा रु ७६३०६५६.४५ घटी जिम्मेवारी सारेको देखियो । त्यस्तै गत बर्षको अनुसूची १५ मा धरौटी, प्रकोप र विविधमा कुल रु १८७९५२०१.६९ मौज्दात बाँकी रहेकोमा यो बर्ष सोही शिर्षकमा ७६६४९३४.४० मात्र जिम्मेवारी सारेको पाइयो । यसरी दुवै अनुसूचीमा कुल रु १८७६०९२३.७४ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**बैंक हिसाक विवरण** पालिकाले हरेक आर्थिक बर्षको अन्त्यमा स्रेस्ताले देखाएको मौज्दात र बैंक विवरणले देखाएको मौज्दात बराबर नभएमा सो को कारण उल्लेख गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । तर पालिकाले नयाँ आर्थिक बर्ष शुरु भएको केही दिनपछीको बैंक मौज्दातलाई लिएर स्रेस्तामा जिम्मेवारी सार्ने र बाँकी मौज्दात देखाउने गरेको पाइयो । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा देखाएको शुरु र अन्तिम मौज्दात तथा असार मसान्तको बैंक मौज्दातको विवरणमा निम्नानुसारको खातामा देहायअनुसार फरक रहेको पाइयो । (तालिका तल) उपर्युक्त तथ्याकं हेर्दा पालिकाले असार मसान्तमा बैंकले देखाएको मौज्दात रकममा नयाँ आर्थिक बर्ष शुरु भएपछी रु ४८९८५९४२.१६ को कारोबार पश्चातको मौज्दात रकमलाई आ.ब.०७७/०७८ को अन्तिम मौन्दात मानेको देखिन्छ । पालिकाले बैक हिसाव समायोजन विवरण र साट्न बाँकी चेकको विवरण लेखापरीक्षण समक्ष पेश गरेको छैन । यसरी नयाँ आर्थिक बर्षमा केही दिनको कारोबार पश्चात हिसाब मिलान गर्ने प्रवृत्तिमा सुधार गर्दै आर्थिक बर्षको अन्तिम दिनको मौज्दात रकमलाई लिएर देखिने फरक रकम सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।	
७			**सशर्त फिर्ता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ अनुसार संघिय एवं प्रदेश सशर्त अनुदानबाट प्राप्त रकम खर्च नभएको अवस्थामा संघिय संचितकोष एवं प्रदेश संचितकोषमा बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको संघीय सशर्त अनुदान रु. २९४७९८५८.०५ संघीय संचित कोष खातामा र प्रदेश सशर्त अनुदान रु. ४४८२१ प्रदेश संचित कोष खातामा फिर्ता गरेको छ। खर्च हुन नसकेको सशर्त अनुदान रकम समयमै फिर्ता गर्नुपर्दछ ।	

खाताहरु	एकिकृत आर्थिक विवरण अनुसार अन्तिम मौज्दात	बैंक विवरण अनुसारको अन्तिम मौज्दात
चालु खर्च खाता जोर बर्ष		३५६५२२२७.३१
पूँजिगत खर्च खाता जोर बर्ष	१००३०४११७.६३ एकमुष्ट	७२४९१२२६.३५
विविध खर्च खाता		७३७०४.३
धरौटी खाता	७२८७३६७.६९	६८८९६०७.१८
सञ्चित कोष खाता		१९१५२८२३.१६
प्रकोप व्यवस्थापन कोष		१७४१४३८४.९४
आन्तरिक राजस्व खाता		४९०३४५४.२४
जम्मा	१०७५९१४८५.३२	१५६५७७४२७.४८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**आर्थिक कारोवारको अवस्था** आर्थिक कारोवारको अवस्था : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • आर्थिक वर्ष २०७७।७८ मा भएको खर्चको चेक भुक्तानीको लागि आवश्यक रकम मूल संचित कोष खाताबाट कार्य संचालन खातामा सोही वर्षमा ट्रान्सफर गर्नुपर्नेमा पछिल्लो आ.व. २०७८।७९ मा समेत मूल संचित कोष खाताबाट रकम ट्रान्सफर गरेको छ । मूल संचित खाताबाट आषाढ मसान्त भित्रै आवश्यक रकम ट्रान्सफर गरी खर्चको लेखाङ्कन गर्नुपर्दछ । ऐनको व्यवस्था अनुसार वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
९			**आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना** आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहायका कमजोरी रही असर पर्ने देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछः- • कतिपय आयोजनाहरु नगर प्रमुखको तोकादेश बाट योजना स्वीकृत गर्ने गरेको, नगर सभाबाट स्वीकृत गर्नुपर्ने, • निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको , • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • वितरणमूखी कार्यक्रम संचालन गरेको, • पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको, • स साना योजनालाई प्राथमिकता दिएको, • नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको, • नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको । • आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको । • ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको । • ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको । • जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको । • कोषहरुको कार्यविधि कानून नवनाएको, • उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको, • कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको, • कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको, • संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको, • आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको, • कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको, • उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको, • चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको, • राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको, • सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको · • प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको, • विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको • अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको, • एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण नगरेको, • लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको, • विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरयासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको, • कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको, • उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको, • अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको, • सवं प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको , • लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको • जिन्सी खाता,बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको, • आम्दानी तर्फको म.ले.प.फा.नं. १०४ देखि १०९ सम्म नराखेको, • म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको , • समयमा पेश्की फछ्र्यौट नगरेको, • केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको, • नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको, • ईन्धन खर्चको लगबुक नराखेको, · कतिपय निजी सवारी साधन मर्मत खर्च भुक्तानी गरेको, नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**बजेट अनुमान र यथार्थ प्राप्तिको स्थिति** २०७७।0३।२४ को नगरसभाको वैठकले बजेट पारीत गरेको र आय व्ययको प्रक्षेपण गर्दा २०७५।७६ को यथार्थ, २०७६।७७ को संशोधित अनुमान र २०७७।७८ को अनुमान पेश गर्नु पर्नेमा २०७५।७६ को यथार्थ र २०७६।७७ को संशोधित अनुमान उल्लेख नगरी २०७७।७८ को अनुमान मात्र उल्लेख गरी कार्यक्रम बजेट स्विकृत गरेको छ । यसवाट गत वर्षको बजेट संग तुलना गर्न सक्ने अवस्था देखिएन । बजेट अनुमान र यथार्थ प्राप्तिको स्थिति यस प्रकार छ: ((रु.हजारमा)	

क्र.स.	विवरण	वार्षिक अनुमान	यथार्थ प्राप्ति
1	आन्तरिक श्रोतको राजश्व	१५४९६९	१४४५७३
2	राजश्व वाँडफाड प्राप्ति	९८२२६	८०४५६
3	अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय समानीकरण	११९६००	११९६००
४	अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय सशर्त	१५७१००	१९३४६८
	अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय विशेष	१४०००	१३९९९
५	अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश समानीकरण	७३२८	७३२८
६	अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश सशर्त	८०००	४०००
७	अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश बिशेषा	३०००	१९८०
८	अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश समपुरक	२०००	०
९	चालु खर्च	३६५१६१	२९३९६०
१०	पूँजिगत खर्च	२७४८६०	१५६३८७
११	वित्तीय	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**श्रोत अनुमान तथा वजेट सिमा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । नगरको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ	
१२			**वजेट तथा कार्यक्रम तर्जुमा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै क्षेत्र भित्र वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ ।	
१३			**अवण्डा बजेट** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा अवण्डा वजेट राख्न नमिल्ने सम्वन्धि व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाको समग्र कार्यक्रम बजेट परीक्षण गर्दा उपरोक्त ऐन नियमको व्यवस्था अनुसार कार्यक्रम वाइज बजेट स्वीकृत नगरी क्षेत्र वाइज एकमुष्ठ (सडक निर्माण, भवन निर्माण, सिंचाई आयोजना निर्माण, विभिन्न सिंचाई, सडक, खानेपानी, नदी नियन्त्रणको डि.पि.आर. तयारको पारमर्श आदी) बजेट स्वीकृत गरी पछि आवस्यकता एवं माग अनुसार कार्यक्रम एवं बजेट वाडँफाँड गरी पठाउने गरेको देखियो । जुन कार्यक्रम बजेट सिद्धान्त विपरित देखिन्छ । यस्तो प्रकृयाले वित्तीय अनुशासन कायम नहुने, पहुँच हुने समुदाय वा व्यक्तिको क्षेत्रमा मात्र कार्यक्रम जाने र आवश्यक स्थानमा कार्यक्रम बजेट नजाने र आर्थिक वर्षको वीच वा अन्त्यमा मात्र बजेट वाडँफाडँ हुन गई कार्यक्रम कार्यान्वयन नै नहुने भएपनि हतारमा गुणस्तरहिन काम हुन सक्ने संभावना रहेको देखियो । यसरी बजेट स्वीकृत गर्ने आवश्यकता अनुसार पछि बजेट बाडँफाडँ गर्ने कार्य ऐन एंव नियमावलीको व्यवस्था अनुसार नदेखिँदा अविलम्ब वन्द हुनु पर्ने देखिन्छ ।	

क्र.स.	कार्यक्रम	बजेट
1	भैपरी आउने खर्च	५०,००,०००.००
2	म्याचिङ्ग फण्ड (मागको आधारमा न.पा.ले निर्णय गर्ने गरी)	१,००,००,०००.००
5	मागको आधारमा पशु बिकास कार्यक्रम	५०,००,०००.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**बार्षिक आर्थिक कारोवारको प्रतिवेदन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची ११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	
१५			**प्रगति विवरण** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तिय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको कारण सो को जिम्मेवार व्यक्ति पहिचान गरी सुधारकालागि चाल्नुपर्ने कदम र प्रगति न्युन भएको सम्वन्धमा जिम्मेवार व्यक्ति उपर आबश्यक कारवाहि समेत गर्नु पर्ने उल्लेख छ । पालिकाले उक्त व्यवस्था अनुसार प्रगति विवरण तयार नगरेको कारण पालिकाले विकासका क्षेत्रमा गरेको समग्र लगानिको उपलव्धिको अवस्था मुल्याङ्कन गर्न सकिएन । पालिकाले नियमावलीको व्यवस्था अनुसारको जिम्मेवारी पुरा गरेको देखिएन । वार्षिक प्रगति तयारगर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
१६			**आवधिक योजना र आयोजना बैंक** स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागी आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्येकालिन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकुल हुनुपर्ने विभिन्न अन्तसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबि निबारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवन स्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना संञ्चालन गनुपर्ने व्यवस्था छ । तर पालिकाले आवधिक योजना बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आवधिक योजना र आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारीता ल्याउनुपर्दछ ।	
१७			**मध्यमकालिन खर्च संरचना** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले त्यस्तो खाका तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको कार्यक्रमको प्राथमिकीकरण लागत र समय खुलाई तयार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**चौमासिक तथा आषाढ महिनाको खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च गर्नु पर्दछ । कार्यालय बाट प्राप्त विवरण अनुसार नगरपालिका पूँजिगततर्फ चौमासिक खर्चको अवस्था निम्नानुसार रहेको छ । जस अनुसार तेश्रो चौमासिकमा बढी खर्च गरेको देखियो । यसवाट कामको गुणस्तरमा समेत प्रभाव पारेको देखिन्छ । तेश्रो चौमासिक तथा आषाढमा बढी खर्च गर्ने प्रवृत्तिले आर्थिक कारोवारको पारदर्शिता एवं गुणस्तरमा समेत प्रभाव पार्न सक्ने देखिन्छ । यसमा नियन्त्रण हुनुपर्दछ ।	

कुल खर्च	पहिलो चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ महिना	
	खर्च	प्रतिशत	खर्च	प्रतिशत	खर्च	प्रतिशत	खर्च	प्रतिशत
१२८४८१८२१.५७	३४७८७२०७.३९	२७.०८	३३०७२४४८.७३	२५.७४	६०६२२१६५.४५	४७.१८	४२२१९३४२.५९	३२.८६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**आन्तरिक ऋण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।	
२०			**न्यायीक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी उजुरी र यो बर्ष थप भएको उजुरी कुल उजुरी फछ्र्यौट भई बाँकी उजुरीको विवरण माग गरिएकोमा प्राप्त हुन सकेन । तथ्याकं प्राप्त हुन नसक्दा यस सम्बन्धमा विश्लेषाण गर्न सकिएन । तथ्याकं व्यवस्थापनमा रहेको कमजोरी समयमै सुधार गर्नुपर्दछ ।	
२१			**जिन्सी व्यवस्थापन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था अनुरुप कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको भएतापनि त्यस्तो प्रतिवेदनमा औंल्याइएका कैफियतहरु सम्बोधन गरेको पाइएन । प्रतिवेदनमा औंल्याइएको मर्मत गर्नुपर्ने, मर्मत हुन नसक्ने, मिन्हा गर्नुपर्ने जस्ता कैफियतहरु समयमै सम्बोधन गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ ।	
२२			**जिन्सी निरीक्षण** पालिकाको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार एक थान हिरो सुपर स्पेलेण्डर मोटरसाइकल चोरी भएको कैफियतमा उल्लेख गरिएको छ । यस सम्बन्धमा उक्त मोटरसाइकल बास्तविक रुपमा चोरी भए नभएको छानबिनबाट एकिन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**सम्पत्ति हस्तान्तरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल–अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था भएतापनि पालिकाले तयार गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा साबिक गाउँ बिकास समिति तथा सा अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको देखिएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ ।	
२४			**बेरुजु अभिलेख** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	
२५			**स्थानीय तथ्यांक र अभिलेख** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको समग्र प्रोफाईल तयार गर्नुपर्नेमा सो समेत तयार गरेको देखिएन ।	
२६			**बरबुझारथ** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ५० (१) अनुसार कर्मचारी सरुवा हुँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात तोकिए बमोजिम बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । कार्यालयको जिन्सी निरिक्षण प्रतिवेदन अनुसार सरुवा भएका प्रमुख प्रशासकिय अधिकृत उदय प्रसाद देवकोटाको जिम्मामा रहेको स्यामसुङ्ग ट्याब एक थान मूल्य रु ३९०२५.०० कार्यालयमा फिर्ता ल्याई जिन्सी दाखिला गर्नुपर्ने रु.	३९,०२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**वार्षिक खरिद योजना/गुरु योजना** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना/गुरु योजना बनाई खरिद कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।	
२८			**अनुगमन तथा सुपरिवेक्षण** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वियन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वियन गरेको देखिएन । केहि योजनामा नगर प्रमुख र उप प्रमुख तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि ,केहि योजनामा नगर प्रमुख र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा कमै मात्र उल्लेख गर्ने गरेको छ । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा र प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ ।	
२९			**गुणस्तर परिक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।	
३०			**सामाजिक परीक्षण** पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ ।	
३१			**कर्मचारी व्यवस्था** पालिकाले आफ्नो नियमित कार्य सञ्चालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन । रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपलब्ध हुन सकेन । रिक्त पद समयमै पदपूर्ति गरी र दरबन्दी भन्दा बढी हुने गरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाइनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु. १,६४,८७,१२६.०० खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ ।	
३३			**विधालयगत निकासा खाता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम अधिकार प्राप्त अधिकारीले आय व्यय ठिकसँग भएको छ भन्ने कुरामा विश्वस्त हुन कुनै पनि काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको छैन र तिनिहरुको पालना गरिएको छ भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले विद्यालयहरुलाई तबल भत्ता तथा विभिन्न शिर्षकहरुमा कार्यकर्म खर्चहरु आवधिक रुपमा निकासा दिदा सो को अभिलेख खातामा चढाउने गरेको देखिएन । जसले गर्दा सबै विधालयको निकासा एककृित रुपमा भिडान गर्न सक्ने स्थिति रहेन । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई विश्वसनीय एवं भरपर्दो बनाउन विद्यालयहरुको चौमासिक निकासाको विद्यालयगत अभिलेख खाता राख्नुपर्ने देखियो ।	
३४			**शिक्षक दरबन्दी र पदपूर्ति** कार्यालयले विधालयगत रुपमा शिक्षकहरुको स्वीकृत दरबन्दी विवरण र कार्यरत शिक्षकहरुको विवरण अधावधिक गरी राखेको पाइएन । कार्यालयले शिक्षकहरुको आन्तरिक सरुवा तथा काज मा खटाए नखटाएको भन्ने विवरण लेखापरीक्षणको क्रममा पेश भएन । तसर्थ हरेक बर्ष दरबन्दी अनुसार पदपूर्ति भए नभएको र शिक्षकहरु कार्यरत रहे नरहेको एकिन गरी विवरण अधावद्यिक गर्ने र सोही अनुसार तलब भत्ता निकासा गर्नुपर्ने हुन्छ ।यस्तो विवरण नहुदा, कुनै विद्यालयमा शिक्षकहरुको चाप हुने तथा कुनैमा शिक्षकहरुको अभाव हुन सक्ने हुँदा कार्यालयले शिक्षकहरुको विद्यालयगत दरबन्दी,कार्यरत र रिक्त अवस्थाको प्रस्ट हुने गरी अभिलेख तयार गर्ने र समय समयमा अद्यावधिक गर्नुपर्दछ ।	
३५			**दिवा खाजा** कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब .२०७७।०७८ अनुसार तोकिएको खास क्षेत्र तथा अति सिमान्तकृत लोपोन्मुख जातजातीका (लक्षीत समुहका) बालबालिकाहरु एबं जिल्लाका बिद्यार्थीको लागी दिवा खाजा उपलब्ध गराउन बिद्यालयहरुलाई अनुदान शिर्षकबाट १५ बिद्यालयहरुको खातामा १०० दिनको लागि रु ७१,१४,८००.०० निकाशा भएकोमा पालिकाले विद्यालय सञ्चालन भएको दिन संख्या, प्राप्त गर्ने बिद्यार्थीको सँख्या, बिद्यार्थी हाजिरी र प्रगति प्रतिबेदन समेत भिडान गरी बास्तविक खर्च एकिन गरेको पाइएन । यस सम्बन्धमा बास्तविक खर्च एकिन गरी बढी रकम निकासा भएकोमा असुल हुनुपर्दछ ।	
३६			**निःशुल्क पाठ्यपुस्तक** कार्यालयले नगरपालिकामा रहेका १५ वटा विद्यालयका कक्षा १ देखि १० सम्मका ७०६८ विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तकबापत गो.भौ.नं. २०५, मिति ०७८।३।३ मा पहिलो किस्ता स्वरुप रु ३०,०७,२९६.०० निकासा गरेको छ । कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।०७८ मा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकं संकलन गर्ने, एकिन संख्याका आधारमा दोस्रो चौमासिकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था छ । तर कार्यालयले मिति २०७७ मा आफूसंग भएको तथ्याकंको आधारमा यो भौचरबाट ७५ प्रतिशतलाई र सोही तथ्याकंको	१,१४२,६६८.९५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आधारमा बाँकी २५ प्रतिशत संख्यालाई गो.भौ.नं. २८३, मिति २०७८।३।२५ मा १५ वटा विद्यालयलाई निम्नानुसार पाठ्यपुस्तक बापत रु १००२४३२.२१ र ७ वटा मदरसालाई रु ५६०९४७.०० समेत गरी कुल निकासा रु ४५,७०,६७५.८२ दिएको देखिन्छ ।	

विद्यालय+B423:D436	निकासा भएको विद्यार्थी संख्या	निकासा रकम
हरिहर जनता मा.वी. हरिपुर १	२४५	१५५२२८.३
पाँच कुमारी मा.वी. हरिपुर १	६३७	३८६९७९.८८
महाविर जनता मा.वि. हरिपुर २	१२६१	७६०४०६.५८
जनता आ वि हरिपुर २	१७०	९८५३०
जनकल्याण प्रा.वि. हरिपुर २	१०१	५४८३५.२
जनता मा.वि. हरिपुर हरिपुर ३	६३१	३३७६०२.९४
जनता मा.वि. हरिपुर ४	८३४	४५८२३६.१६
जनता आ.वि. हरिपुर ५	४७३	२५७९७७.४
सार्वजनिक जनता मा.वि. हरिपुर ६	८७३	५०००००.८६
श्रवण जनता प्रा.वि. हरिपुर ७	१८१	९०६३०.९
लक्ष्मिनाथ जनता प्रा.वि. हरिपुर ७	२९०	१४४५६६.५
इन्द्रपुर जनता प्रा.वि. हरिपुर ८	७४	४०५०७.२
जनता प्रा.वि. हरिपुर ८	११८	५९६०२.८
रामलगान मा.वि. हरिपुर ९	८७९	५१३५६९.६
जनता प्रा.वि हरिपुर ९	३०१	१५१०५४.५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				७ वटा मदरसा	१०४४	५६०९४७.		
				जम्मा	७०६८	४५,७०,६७५.८२		
			नयाँ भर्ना भएका विद्यार्थी एकिन नगरी वा सम्बन्धीत विद्यालयबाट पाठ्यपुस्तकको बिल भर्पाई सहित गरेको दाबि बिना निकासा गरेको देखिएकोले कुल निकासाको २५ प्रतिशतले हुने रकम रु ११४२६६८.९५ को सम्बन्धमा कुन कुन विद्यालयमा बढी भुक्तानी गएको छ एकिन गरी बढी निकासा असुल गर्ने रु					
३७			**छात्रबृत्तितर्फ** कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब.२०७७।०७८ को सि.नं ७.२.१.१ सामुदायीक बिद्यालयका आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत बिद्यार्थीहरुका लागी बिपन्न लक्षित हुनेगरि गैर आबासीय छात्रबृति कार्यक्रमको निकासा भएको रकम रु १०२६००० को छात्रबृति प्राप्त हुने बिद्यार्थीको नाम नामेसि सहितको बिबरण र निकासा रकम पालिकाले भिडान गरी एकिन गर्नुपर्दछ ।					
३८			**सवारी साधन मर्मत** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी रु.९७७२५५.०० खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।					
३९			**भ्रमण अभिलेख एवं प्रतिबेदन** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी अनुगमन तथा मूल्याकंनमा रु ४,८७,७०० र भ्रमण खर्चमा रु ४,६५,९०० तथा अन्य भ्रमण खर्चमा रु. ३,०७,७०० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।					

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>

अन्य खर्च

पालिकाले यो बर्ष कोभिड १९ व्यवस्थापनको लागि कुल कति खर्च गर्यो भन्ने सम्बन्धमा विवरण माग गरेकोमा प्राप्त हुन सकेन । पालिकाको बिपद व्यवस्थापन कोषबाट कुल रु २९७७६८७.६६ खर्च भएकोमा केही मुख्य शिर्षकको खर्च निम्नानुसार रहेको पाइयो ।

<table>
<tr><th>भौचर न. मिति</th><th>प्रयोजन</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>४-०७७/९/२</td><td>जनचेतनामुलक सन्देश प्रसारण</td><td>४९७२००</td><td>संस्था छनौटमा प्रतिस्पर्धात्मक बिधि नअपनाएको ।</td></tr>
<tr><td>५-०७७/९/९</td><td>रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण</td><td>४४७४८०</td><td>संस्था छनौटमा प्रतिस्पर्धात्मक बिधि नअपनाएको ।</td></tr>
<tr><td>९-०७७/१०/४</td><td>महिला स्वयंसेविका भत्ता एकमुष्ट १५००</td><td>८७०००</td><td></td></tr>
<tr><td>१२-०७८/३/२३</td><td>१९ जना स्वास्थयकर्मी तथा कार्यालय सहयोगीलाई एक दिनको तलब बराबर भत्ता</td><td>२४३३५५</td><td>एक दिन बराबरले भत्ता पाउने निर्णय आधार पेश नभएको</td></tr>
<tr><td>१४-०७८/३/२७</td><td>जाडो समयमा दाउरा बितरण</td><td>१५००००</td><td></td></tr>
<tr><td>१५-०७८/३/२७</td><td>औषधी खरिद</td><td>४९९७४२.५</td><td>कोभिड १९ को लागि के कती औषधी प्राप्ती, उपयोग र बितरण भयो सो को प्रष्ट अभिलेख नराखेको ।</td></tr>
</table>

यसरी खर्च लेख्दा पर्याप्त बिल भर्पाई तथा खर्चको पुष्ट्याई संलग्न नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>

कोभिड १९ भत्ता

कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुँदा ७ अनुसार ओसारपसारमा संलग्न तथा आइसोलेशनमा राखिएका र संक्रमण पुष्टि भइ उपचाररत विरामीहरुको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलव स्केलको पचास प्रतिशत र प्रयोगशालामा कार्यरत जनशक्तिमध्ये प्रत्यक्ष रुपमा परीक्षण तथा प्रमाणिकरणमा संलग्न जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलव स्केलको शतप्रतिशत जोखिम भत्ता उपलब्ध गराउने व्यवस्था गरिएको छ ।पालिकाले ७१ जना स्वास्थ्य कर्मचारीलाई मिति २०७६ चैत्र देखि २०७७ असार सम्मको लागि न.पा.चालुबाट रु ४४,००,०००.०० र यो शिर्षकबाट रु १,२७,१६०.१६ गरी कुल रु ४५,२७,१६०.१६ कोभिड १९ भत्ताको रुपमा भुक्तानी गरेको पाइयो । गत बर्षको भुक्तानी यो बर्ष गरेकोमा भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राखेको पाइएन । १०० प्रतिशत र ५० प्रतिशत दुइ थरिले भत्ता गणना गरेकोमा सो को गणना बिधि (शुरु तलब स्केल वा खाइपाइ आएको तलब स्केल), १०० प्रतिशत भत्ता पाउने कर्मचारी र ५० प्रतिशत भत्ता पाउने कर्मचारीको छुट्टाछुट्टै विवरण, सो को निर्णय प्रतिलिपि समेत माग गरिएकोमा उपलब्ध हुन सकेन । यसबाट उक्त आदेश बमोजिम १०० प्रतिशत र ५० प्रतिशत पाउन योग्य कर्मचारीको विववरण तयार गरी सो बमोजिम भत्ता भुक्तानी भए नभएको यकिन समेत गरी बढी भुक्तानी भएको भए असुल फस्योंट समेत गर्नुपर्ने रु
</td><td>४,५२७,१६०.१६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>आर्थिक सहायता
कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई अन्य सामाजिक सुरक्षामा रु ३४,७९,०००.०० र उद्दार राहत पुनर्स्थापनामा रु २,०६,२५०.०० वितरण गरेको देखिन्छ । यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>स्वास्थ्य सस्थाहरुलाई सहायता
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार रु ८२४३३६। स्वास्थ्य सस्थाहरुलाई सहायता उल्लेख गरी माक्स,सेनिटाइजर,अक्सोमिटर लगायत सामाग्री खरिद गरी जिन्सिमा आम्दानी तथा एकमुष्ट खर्च जनाई खर्च गरेको छ । एकमुष्ट खर्च जनाईको सामान सहि प्रयोग भएको प्रमाण संलग्न नगरी खर्च लेखेको देखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम। ब्यक्ति</th><th>रकम</th></tr>
<tr><td>४२६-०७८-२-२४</td><td>ममता इन्टरप्राइजेज</td><td>९९६६६</td></tr>
<tr><td>४१४-०७८-२-२९</td><td>ममता इन्टरप्राइजेज</td><td>९७७४५</td></tr>
<tr><td>४०९-०७८-२-१८</td><td>ममता इन्टरप्राइजेज</td><td>९८३१०</td></tr>
<tr><td>४६२-०७८-३-०१</td><td>ममता इन्टरप्राइजेज</td><td>९६०५०</td></tr>
<tr><td>५३९-०७८-३-२७</td><td>नासा मेडिको सप्लायर्स</td><td>४३२५६५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८२४३३६</td></tr>
</table></td><td>८२४,३३६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>अनुदान
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्याबस्था अनुसार बिल भरपाई नराखि निम्नानुसार रु.५५००००। एकमुष्ट अनुदान उपलब्ध गराएको छ । अनुदानको सहि सदुपयोग तथा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>११५-०७७-८-१८</td><td>स्वास्थ्य चौकी लक्ष्मीपुर</td><td>स्वास्थ्य चौकी अनुदान,वर्थिङ्ग सेन्टर संचालन</td><td>३५००००</td></tr>
<tr><td>४७९-०७८-३-०७</td><td>पद्म भुवनेश्वरी वृद्ध सेवा आश्रम मन्जु कोइराला सदन</td><td>लालन पालन तथा औषधी उपचार</td><td>१०००००</td></tr>
<tr><td>४७७-०७८-३-०७</td><td>नवलपुर सर्पदंस उपचार केन्द्र</td><td>कार्यालय संचालन</td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५५००००</td></tr>
</table></td><td>५५०,०००</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>क्वारेन्टाइनमा बस्नेलाई खाना तथा खाजा
कोभिड १९ रोकथाम व्यवस्थापन तथा नियन्त्रणका लागि गो भौ नं ९।०७७।१०।४ बाट क्वारेन्टाइनमा बस्ने ब्यक्तिहरुलाई प्रतिदिन खाना तथा खाजा वापत एकमुष्ट रु ३०० का दरले १४ दिनको रु ५६७००० भुक्तानी भएकोमा पर्याप्त आधार नखुलेकोले पर्याप्त आधार खुल्ने प्रमाणित कागजात पेश गर्नुपर्ने रु</td><td>५६७,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>ट्रेसिङ्ग भत्ता
गो भौ नं ९।०७७।१०।४ बाट ट्रेसिङ्ग गरेवापत स्वास्थ्यकर्मीहरुलाई भत्ता प्रति स्वास्थ्यकर्मी रु ५०० का रु १३०००० भुक्तानी गरेकोमा उक्त कार्य कति दिन संचालन भए र कति जना स्वास्थ्यकर्मी उक्त कार्यमा खटिए भनी स्पष्ट विवरण नखुलेकोले उक्त कार्य संचालन दिन र कार्यमा खटिएका स्वास्थ्यकर्मीहरुको विवरण खुल्ने प्रमाणित कागजात पेश गर्नुपर्ने रु</td><td>१३०,०००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>कर्मचारी व्यवस्था
निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत गरेको सँगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित ८१ को दरवन्दी रहेकोमा सो दरबन्दीमा कुन कुन पद कसरी पदपुर्ति भएको छ र कति रिक्त छ भन्ने कुराको विवरण तयार गरेको पाइएन । स्थायी कर्मचारी व्यवस्थापन गरी करारमा राख्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**करार सेवा** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलीफोन, विद्युत र धाराको संचालन तथा रेखदेख, पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख, टाईपिङ वा कम्प्युटरटाईप, ड्राईभिङ जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपरेमा सार्वजनिक निकायको व्यक्ति, फर्म, संस्था वा कम्पनि सँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिदा त्यस्तो सेवाको आवश्यकता, किसिम, समयावधि, गुणस्तर, सेवा संचालन विधि, लाग्ने मोटामोटीखर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्विकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरबन्दी कायम समेत नगरी पालिकाले यो बर्ष करार सेवा शुल्कमा रु ८५,९९,३६६.०० खर्च गरेको छ । यसरी बैज्ञानिक संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा यथार्थ दरबन्दी कायम नगरी नयाँ करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृत्तिले नगरपालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । इनपुट मार्फत खर्च बढि रहने तर आउटपुट स्पस्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थित बनाइनुपर्दछ ।	
४९			**इन्धन खर्चको मापदण्ड** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन पदाधिकारी रु ४८७८७ र इन्धन कार्यालय प्रयोजन रु ६२५९३३ समेत रु. ६७४७२०.०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
५०			**कार्यालय सम्बन्धि खर्च** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रु. ११४०१५२.०० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।	
५१			**पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ९,६८,८५1.00 खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**विविध खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु. ४५८१५७.०० खर्च गरेको छ। खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ।	
५३			**वडा कार्यालय संचालन खर्च** नगरपालिकाले ९ वडा कार्यालयलाई वार्षिक रु.६००००। का दरले वडा सञ्चालन खर्च वापत रु.५ लाख ४० हजार बजेट विनियोजन गरी खर्च गरेको छ। वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, संचार ,इन्धनलगायतका कार्यमा खर्च गर्दा जिन्सी लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>परामर्श सेवा
सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२ (२) मा परामर्श सेवाको लागत अनुमानको आधार तथा अनुसूची १ (क) मा सो को ढाँचाको व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो बर्ष निम्नानुसारका कार्यहरुको लागि परामर्श सेवा खरिद गरेको देखिन्छ ।
<table>
<tr><th>भौचर नं. मिति</th><th>संस्था</th><th>कार्य</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५७६-०७८-३-३०</td><td>समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर</td><td>आन्तरिक नियन्त्रण सम्बन्धी कार्यबिधि तयारी</td><td>४९४९४०</td></tr>
<tr><td>५७५-०७८-३-३०</td><td>उपमन्यु परामर्श सेवा प्रा.ली</td><td>राजस्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण कार्यक्रम</td><td>४९२६८०</td></tr>
<tr><td>५७७-०७८-३-३०</td><td>एस.के. परामर्श</td><td>सामाजिक परीक्षण गर्ने कार्यक्रम</td><td>४९२६८०</td></tr>
<tr><td>५७१-०७८-३-३०</td><td>मुनाल सामुदायिक संस्था</td><td>सार्वजनिक सुनुवाई कार्यक्रम</td><td>४९५५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९७५८००</td></tr>
</table>
उपर्युक्त विवरण हेर्दा पालिकाले नियमित रुपमा कर्मचारीहरुले नै सम्पादन गर्नुपर्ने काम समेत परामर्श सेवाको रुपमा खरिद गरेको पाइयो । त्यस्तै साधारण प्रकृतिको कतिपय कार्य आइटममा शहरी बिकास तथा भवन निर्माण विभागले तयार गरेको विज्ञको दर प्रयोग गरी लागत अनुमान तयार गरेकोमा त्यस्तो विज्ञता खुल्ने प्रमाण कागजात माग गरी विज्ञता पुगे नपुगेको एकिन नगरेको, अन्य आईटममा प्रयोग गरिएको दरमा नियमावलीको उपर्युक्त व्यवस्था बमोजिमको आधार लिएको नदेखिएको र सम्बन्धीत संस्थाबाट प्राप्त प्रतिवेदनहरु कार्यान्वयनमा लैजान योग्य भए नभएको एकिन गरी योग्य भए कार्यान्वयन गर्नुपर्नेमा नगरेको जस्ता कमजोरीहरु देखिएका छन । उल्लेखित कमजोरीहरु सुधार गर्दै खर्च रकम नियमित गर्नुपर्ने रु</td><td>१,९७५,८००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>अग्रिम कर
आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा(मूल्य अभिवृद्धि करमा दर्ता नभएका) संस्थाहरुले भुक्तानी लिएको रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा चेतना सन्देश नेपाललाई गोश्वारा भौचर नम्बर ५३७-०७८-३-२७ बाट कार्यालयले बालगृह संचालन कार्यक्रम संचालन गरी रु. २५००००। बिजक जारि नगरेको अवस्थामा अग्रिम कर रु. ३७५००। कट्टा गरी राजश्व दाखिला गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>३७,५००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**निशुल्क औषधी वितरण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सोझै खरिद गर्न नहुने व्यवस्था छ । नगरपालिकाले यस वर्ष रु. २४९८४४२। मुल्यको औषधी तथा स्वास्थ्य उपकरण सोझै खरिदगरि नगरपालीका भित्रका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरि पठाएको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि नगरपालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले खरिद गरिएको औषधिमा नि:शुल्क वितरण गरिने छाप लगाएको पाईएन । पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गरि एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट सिमा भन्दा बढि र पटक पटक सोझै खरिद गरेको नियमित नदेखिएको रु.	२,४९८,४४२

भौ.नं./मिति	नाम	रकम
१५५-०७७-९-१३	पर्ल मेडीटेक प्रा.ली	४९६४१२
१५२-०७७-९-०९	काठमाण्डौ आयुर्वेद डिष्ट्रिव्युटर्स	४३७७३०
४६३-०७८-३-१	पर्ल मेडीटेक प्रा.ली	१४००००
४६८-०७८-३-०१	कृषक फार्मेसी	४९०५८५
४६७-०७८-३-२५	पर्ल मेडीटेक प्रा.ली	३९५५००
५३६-०७८-३-२५	पाथिभरा मेडिसिन एण्ड सर्जिकल सप्लायर्स	५६०००
२४८-०७८-३-२३	सर्जु आयुर्वेद सप्लायर्स	४८२२१५
	जम्मा	२४९८४४२।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**कृषि यन्त्रिकरण कार्यक्रम** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) अनुसार श्रममुलक प्रकृतिको काम र उपनियम १० बमोजिम उपभोक्ता समिति आफैले सम्पादन गर्नुपर्ने काम मात्र उपलब्ध गराउनु पर्ने व्यवस्था छ । नियमावलीमा भएको उक्त व्यवस्थाले मुलतः श्रममूलक प्रकृतिको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिन्छ । तर कार्यालयले कृषि यन्त्रिकरण सामान जस्तै मोटर,चापकटर,मकै छोडाउने मेशिन लगायत सामाग्री खरिद गर्न आ.ब २०७६-७७ मा नगरस्तरिय कृषि यन्त्रिकरण उपभोक्ता समिति गठन गरी सामान खरिद कार्य गर्दा श्रममूलक प्रकृतिको काम भएको पाइएन । यस्तो प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराउँन भन्दा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ । उपभोक्ता समितिले जयकाली ट्रेडर्स को ९ थान बिल संलग्न गरी कृषि यन्त्रिकरण सामान जस्तै मोटर,चापकटर,मकै छोडाउने मेशिन लगायत सामाग्री खरिद गरी भुक्तानी दिन बाकीँ कच्चावारी प्रमाणित बेगर यस बर्ष कार्यालयबाट रु. १६५००००। भुक्तानी लिएको छ । उपभोक्ता समितिबाट श्रममूलक प्रकृतिको काम नगरी खरिद कार्य मात्र भएको तथा भुक्तानी दिन बाकीँ कच्चावारी प्रमाणित बेगर खर्च लेखेको अनियमित देखिएको रु.	१,६५०,०००
५८			**जिन्सी आम्दानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर २१९-०७७-१०-०९ मा न्यु नन्दनी ट्रेडर्स बाट रु. २५०८९८। को माक्स,साबुन लगायत सामान खरिद गरी विधालयलाई उपलव्ध गराएकोमा सम्वन्धित बिधालयको जिन्सी खातामा आम्दानी भएको प्रमाण खर्च साथ संलग्न नभएको रु.	२५०,८९८
५९			**औषधि मौज्दात** आर्थिक कार्यविधि तथा उतरदायित्व नियमावली , २०७७ को दफा ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा पुष्टि गर्ने विल ,भरपाइ ,प्रमाण र कागजात संलगन गर्नुपर्ने व्यावस्था छ । कार्यालयले भौ. न. २०२-०७७-९-२९ वाट विकाउ महतो लाई सिविर संचालन गरी १५०७१०। भुक्तानी गर्दा उक्त कार्यक्रमको लागि रु.९४१००। को औषधि खरिद गरी सोको प्रयोग तथा मौज्दातको प्रमाण संलग्न नगरी खर्च गरेको रु	९४,१००
६०			**बिबिध कार्यक्रम** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा बिबिध कार्यक्रम खर्चमा रु. १४०३७०००। आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी नगर प्रमुख तथा कार्यपालिकाको निर्णय अनुसार पटक पटक निर्णय गरी रु. १०२००७०९। खर्च गरेको छ । नगरसभाबाट विस्तृत रुपमा योजनागत तथा कार्यक्रमगत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी नगर प्रमुखले पटक पटक निर्णय गरी बिभिन्न भौचरबाट खर्च गरेको नियमित नदेखिएको रु.	१०,२००,७०९
६१			**पुस्तक खरिद** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर ५७३-०७८-३-३० मा संजय पुस्तक भण्डार बाट १४७ आइटमका बिभिन्न पुस्तक खरिद गरि जिन्सीमा आम्दानी जनाई रु. ४९७४६०। खर्च गरेको छ । पुस्तकको सहि प्रयोग सम्बन्धमा एकिन गरी खर्च प्रभाबकारी बनाउनु पर्ने रु.	४९७,४६०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>शिर्षक फरक
कार्यालयले निम्नानुसारको खर्च रु. ३६०४१८। सम्बन्धित शिर्षकबाट खर्च नगरी निर्मित सार्वजनिक सम्पतीको मर्मत संभार शिर्षकबाट खर्च गरेको नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>१२५-०७७-९-०२</td><td>राम चन्द्र चौधरी</td><td>जग्गाको मुअब्जा</td><td>२२५००</td></tr>
<tr><td>१८०-०७७-९-२१</td><td>सुनिता देबी चौधरी</td><td>जग्गाको भाडा</td><td>१५००</td></tr>
<tr><td>१४९-०७७-९-०८</td><td>रामबाबु आयल स्टोर्स</td><td>इन्धन</td><td>४७०००</td></tr>
<tr><td>२५८-०७७-११-०२</td><td>प्राथामिक स्वास्थ्य केन्द्र</td><td>कार्यालय सारेको खर्च</td><td>१३९५०४</td></tr>
<tr><td>११२-०७७-८-२७</td><td>ईदी मंसुर</td><td>पानी निकास गर्ने</td><td>१४९९१४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३६०४१८</td></tr>
</table></td><td>३६०,४१८</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>परामर्श सेवा
, सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको डिपिआर तयारी कार्य भिन्नाभिन्नै रुपमा चारवटा प्रस्तावदातासँग दर माग गरी खरिद गरेकोमा प्राप्त डिपिआर हालसम्म सम्बन्धीत पदाधिकारीबाट स्वीकृत भएको पाइएन। सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२ (२) को आधार तथा अनुसूची १ (क) को ढाँचामा लागत अनुमान तयार गरेको समेत पाइएन । तसर्थ उल्लिखित कमजोरीमा सुधार गर्दै प्राप्त डिपिआर स्वीकृत गरी कार्यान्वयनमा लगेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>३१८-०७८-३-३०</td><td>अश्मयु सिभिल इन्जिनियरिङ्ग एण्ड इन्फ्राटेक प्रा.ली</td><td>अस्पताल ५ बेड भवनको डि.पि.आर</td><td>११२७१७५</td></tr>
<tr><td>३१७-०७८-३-३०</td><td>ड्याम कन्सल्टेन्ट प्रा.ली</td><td>अस्पताल १५ बेड भवनको डि.पि.आर</td><td>१६८९३५०</td></tr>
<tr><td>३१९-०७८-३-३०</td><td>इनोभेटिभ इन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्ट प्रा.ली</td><td>भवनको डि.पि.आर</td><td>११५२६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३९६९१२५</td></tr>
</table></td><td>३,९६९,१२५</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**बहाल कर** स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र भित्र स्थानिय तहले संकलन गर्न सक्ने कर दफा ५५ देखि ६२ (ख) तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ३ को उपदफा (३) सँग सम्बन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर तथा गैरकर उल्लेख भएबमोजिम सवारी बहाल कर स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न उपभोक्ता समितिहरुले निर्माण कार्य गर्दा प्रयोग गरेको डोजर भाडामा कट्टी गरेको सवारी वहाल कर पुजिगतमा रु.१४५६९७८। र नगरपालिका चालुमा रु.२२७००१। समेत रु.१६८३९७९। कट्टी गरी स्थानीय संचितकोषमा जम्मा गरेकोले अधिकार क्षेत्र भन्दा भिन्न रहेको कर रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.	१,६८३,९७९
६५			**आयोजना अनुगमन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 20७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नगर प्रमुख सहितको अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यतिखर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सवै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ ।साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ	
६६			**आयोजनाको गुणस्तर** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ ।पालिकाले आयोजना कार्यान्वय गर्दा कतिपय भवन, खानेपानी, सिचाइ जस्ता संरचनाहरुमा निश्चित अशको लागि मात्रै रकम विनियोजन गरी काम गराउदा त्यस्ता संरचना लामो समयसम्म पूर्ण नहुने, वातावरणीय प्रभाव लगायतको कारणले गुणस्तरमा ह्रास आउन सक्ने सम्भावना रहन्छ । त्यस्तै पालिकाले उपभोक्ता समितिबाट काम भएका सडक पिच ढलान लगायतका केही आयोजनामा गुणस्तर परीक्षण गरी प्रतिवेदन लिने गरेको भएतापनि त्यस्तो परीक्षण सबै प्रकृतिका आयोजनामा अनिवार्य गरेको पाइएन । तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्यक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ ।	
६७			**न्यूनतम दररेट** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**एकमुष्ट रकम कृषि तथा पशु विकास कार्यक्रममा बिनियोजन** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा निम्न अनुसार कार्यक्रममा रु. १ करोड आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी नगर प्रमुखको निर्णय अनुसार पटक पटक निर्णय गरी रु.८१३७०७१। खर्च गरेको छ । नगरसभाबाट विस्तृत रुपमा योजनागत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी नगर प्रमुखले पटक पटक निर्णय गरी खर्च गरेको नियमित नदेखिएको रु.	८,१३७,०७१

कार्यक्रमको नाम	कामको बिवरण	बजेट रकम	खर्च रकम
मागको आधारमा विभिन्न पशु विकास कार्यक्रम	पटक पटक निर्णय गरी पशु विकास कार्यक्रम संचालन	५००००००	४६५८३२१
विउ विजन वितरण र कृषि यान्त्रिक तथा कृषक पाठशाला र विभिन्न कृषि कार्यक्रम	पटक पटक निर्णय गरी विउ विजन वितरण र कृषि यान्त्रिक तथा कृषक पाठशाला र विभिन्न कृषि कार्यक्रम संचालन	५००००००	३४७८७५०
जम्मा			८१३७०७१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**ह्युमपाइप तथा खानेपानी पाईप खरिद** खरिद भएका निर्माण सामाग्री प्रयोग भएको हुनुपर्दछ । कार्यालयले निम्न अनुसार खरिद तथा ढुवानी गरी रु.२३१५६४८। खर्च लेखेकोमा उक्त सामान प्रयोग भएको प्राविधिक विल खर्च साथ संलग्न छैन । सही सदुपयोग भएको प्राविधिक विल पेश गर्नुपर्ने रु.	२,३१५,६४८

भौ.नं./मिति	फर्मको नाम	विवरण	रकम
२५-०७७-६-१३	जय वजरङ्ग ह्युमपाईप उधोग	ह्युम पाईप	१०००००
२५५-०७८-३-२५	नारायणी ह्युमपाईप उधोग	ह्युम पाईप	२४६५०९
२५४-०७८-३-२५	बागमती ह्युमपाईप उधोग	ह्युम पाईप	२९९१४४
३०-०७७-६-२६	लक्ष्मीनाथ निर्माण सेवा	खानेपानी लाईन विस्तार पाईप	१६६९९९५
	जम्मा		२३१५६४८

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>

पूर्वनिर्धारित क्षतिपूर्ती

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यावसायीको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिम निर्माण व्यावसायीले सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न नगरी ढिला गरेको समयको पूर्वनिर्धारित क्षतिपूर्ति रु. ३२४०१। असुल गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु.

<table>
<tr><td>भौ.नं./मिति</td><td>फर्मको नाम</td><td>कामको विवरण</td><td>सम्झौता रकम</td><td>सम्पन्न गर्नुपर्ने मिति</td><td>सम्पन्न मिति</td><td>ढिला दिन</td><td>क्षतिपूर्ती रकम</td></tr>
<tr><td>२६०-०७८-३-२७</td><td>जितेन्द्र निर्माण सेवा</td><td>स्वास्थ्य केन्द्र भवन</td><td>२४९२४४०</td><td>१२/३०/२०७७</td><td>०१/२६/२०७८</td><td>२६</td><td>३२४०१</td></tr>
</table>
</td><td>३२,४०१</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>

हेण्ड पाईप

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ वमोजिम प्राबिधिक नाप जाच गरी वास्तबिक कार्यसम्पादनको आधारमा बिल र विजको भुक्तानी दिनुपर्ने व्याबस्था छ । कार्यालयले उल्लेखित व्याबस्थाको पालना नगरी गो.भौ.न. १८४-०७८-२-२४ मा #३ नम्बर वडा फरहदवा ह्याण्ड पाइप जडान कार्य उ.स लाई वडा स्तरिय अनुगमन समितिले २७ थान हेण्ड पाईप जडान भएको भनि सिफारिश गरेको अवस्थामा २८ थान को मुल्याङ्कन गरी जनश्रमदान कट्टा गरी रु. ३४६४२। बढि भुक्तानी भएको छ । बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.
</td><td>३४,६४२</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>

गत बर्षको दायित्व

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । कार्यालयले उल्लेखित व्यावस्था अनुसार नगर सभाबाट भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी योजनागत बिबरण राखेता पनि वास्तविकतामा उक्त आयोजनाहरु सोहि वर्ष सन्चालन नभई चालु आ.ब मा सन्चालन भएको देखियो । योजनाहरु सम्पन्न गर्ने समय तथा बजेट ख्याल नगरी सम्झौता गर्ने र योजना जिम्मेवारी सार्ने कार्य नियन्त्रण गर्नुपर्दछ । भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी योजनागत बिबरण राखी चालु आ.ब मा संचालन भएका योजनाको केही उदाहरण देहायवमोजिम रहेका छन्

<table>
<tr><td>भौचर नं. मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>कार्य</td><td>खुद काम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>२८-०७७-६-१८</td><td>सडक ढलान उ.स</td><td>सडक ढलान</td><td>७६१९४३</td><td>७०००००</td></tr>
<tr><td>२९-०७७-६-१८</td><td>जगतपुर विकास उ.स</td><td>ग्राभेल</td><td>४३८८७५</td><td>३९१३८८</td></tr>
<tr><td>५१-०७७-९-०७</td><td>जगतपुर विकास उ.स</td><td>मन्दिर निर्माण</td><td>२२८७५१</td><td>२०४६४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>

जनता प्रा.वि.भवन निर्माण कार्य
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३.१			जनता प्रा.वि.भवन निर्माण कार्यः पालिकाले जनता प्रा.वि. भवन निर्माण कार्यको लागि बिसमिल्लाह तैयव निर्माण सेवासँग मिति २०७७/९/२४ मा सम्झौता गरी मु.अ.कर सहित रु ८३३१७०८.६१ र सोही विद्यालयमा अर्को भवन निर्माणको लागि विद्यालयलाई उपभोक्ता योगदान ११.०५ प्रतिशत घटाई ४१,७१,०००.०० भुक्तानी दिएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छनः	
७३.२			विशेष अनुदानको रुपमा संघीय सरकारबाट र १,४०,००,०००.०० प्राप्त भएकोमा भवनको लागि ठेक्का लगाउँदा निर्माण व्यवसायीले करिब ४३ प्रतिशत न्यून कबोल गरेको कारण बचत हुन गएको रकम रु ४२,९२,२१३.०० संघीय सरकारलाई नै फिर्ता गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत कार्य गर्ने गरी विद्यालयलाई भुक्तानी दिएको पाइयो ।	
७३.३			विद्यालयको स्थलगत रुपमा अवलोकन गर्दा दुवै भवनको निर्माण कार्य एउटै निर्माण व्यवसायीबाट भएको बुझिन आएको तर पालिकाले एउटा भवन निर्माण व्यवसायीबाट र अर्को भवन विद्यालय मार्फत उपभोक्ता समितिबाट भएको मानी सोही आधारमा दररेट कायम गरी भुक्तानी गरेको पाइयो । फिल्डमा एक प्रकारले कार्य भइरहेको तर कागजातमा अर्को प्रकारले कार्य भएको भनी कागजात तयार गर्ने सम्बन्धीत पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाईनुपर्दछ । यसरी भुक्तानी दिदा प्रमुख १३ वटा कार्य आइटममा निम्नानुसार दर फरक परी उपभोक्ताको कार्यमा थप रु १०,३८,५६२.२४ को मुल्याङ्कन भएको छ । उक्त मुल्याङ्कनमा उपभोक्ता योगदान ११.०५ प्रतिशतले हुने रकम रु १,१४,७६१.११ घटाई हुन आउने रु ९,२३,८०१.१३ नगरपालिकालाई थप ब्ययभार परेको छ । थप ब्ययभार हुने गरी खर्च गर्नेलाई जिम्मेवार बनाउनु पर्ने रु.	९२३,८०१

कार्य आइटम	उपभोक्तालाई भुक्तानी दिदाको दर	निर्माण व्यवसायीलाई भुक्तानी दिदाको दर (मू.अ.कर सहित)	फरक दर	उपभोक्ताबाट कार्य गराउदाको परिमाण	बढी मुल्याङ्कन
E/w in excavation	५७५	१६९.५	४०५.५	५३.८९	२१८५२.३९
Brick bat soiling	२८९	४५२	१६३	६५.३३	-१०६४८.७९
PCC work 1:2:4	१००१५.५९	६२१५	३८००.५९	५.९५	२२६१३.५१
PCC for RCC 1:1.5:3	१२२२६.४६	९०४०	३१८६.४६	७९.५२	२५३३८७.२९
Reinforcement work	११२.५४	९६.०५	१६.४९	#####	१५४४६३.६४
B/W In 1:4 c/s mortar in foundation	१२६३१.८	९०४०	३५९१.८	७३.७४	२६४८५९.३३
Local Hard Wood Work	७२०२.७९	४७४६	२४५६.७९	३६.१७	८८८६२.०९
Form work	६३६.३८	२८२.५	३५३.८८	६२९.२२	२२२६६८.३७
Flooring works- earth filling					

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>३००</td><td>१६९.५</td><td>१३०.५</td><td>५४.५६</td><td>७१२०</td></tr>
<tr><td>Flooring works-Brick soiling</td><td>२८९</td><td>४५२</td><td>१६३</td><td>११२.१२</td><td>-१८२७५.५६</td></tr>
<tr><td>PCC work 1:2:4 in flooring</td><td>१००१५.५९</td><td>६७८०</td><td>३२३५.५९</td><td>८.४१</td><td>२७२११.३१</td></tr>
<tr><td>Punning Work</td><td>२५०.७</td><td>३९५.५</td><td>१४४.८</td><td>११४.२</td><td>-१६५३६.१६</td></tr>
<tr><td>12.5 mm thick plaster work in 1:4 c/s mortar</td><td>३७२.८</td><td>२८२.५</td><td>९०.३</td><td>२३२.३९</td><td>२०९८४.८२</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१०३८५६२.२४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७३.४</td><td></td><td></td><td>स्थलगत अवलोकन गर्दा निर्माण व्यवसायीबाट भएको कार्य मध्ये पालिकाले असारमा कार्य भएको भनी नापी किताबमा चढाइ भुक्तानी गरेको तर हालसम्म कार्य भएको नदेखिएको शौचालय ब्लक तर्फको निम्न कार्य आइटममा समावेश भई भुक्तानी भएको रकम नापी किताब तयार गर्ने सम्बन्धीत प्राविधिकलाई जिम्मेवार बनाई सम्बन्धीतबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>कार्य आइटम</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>Two cat water proof cement paint</td><td>२४२.२७ बर्ग भिटर</td><td>४८४५३.७</td></tr>
<tr><td>Punning work in 1:1 c/s</td><td>७१.९७ बर्ग भिटर</td><td>२५१८८.८</td></tr>
<tr><td>Door shutter</td><td>७.५६ बर्ग मिटर</td><td>३१७५२.</td></tr>
<tr><td>Enamel paint Door</td><td>७.५६ बर्ग मिटर</td><td>११३४.</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१०६५२८।५</td></tr>
</table>
</td><td>१०६,५२९</td></tr>
<tr><td>७३.५</td><td></td><td></td><td>पालिकाले उक्त भवनको निर्माण व्यवसायीलाई भुक्तानी दिदा पिएस आइटममा रहेका तिनवटा कार्य आइटमको कुल रु ७९३९८.५४ मा मु.अ.कर रु १०३२१.८१ थप गरी भुक्तानी गरेको, बिमा बिल मू.अ.कर सहितको रु २६४१६.१६ मात्र भौचरसाथ संलग्न रहेकोमा रु ४४३९८.५४ समावेश गर्दा रु १७९८२.३८ बढी भुक्तानी भएको तथा प्रोजेक्ट बोर्ड र ल्याब टेष्टको रु ३५००० को छुट्टै बिल भर्पाई संलग्न गर्नुपर्नेमा नगरेको कारणले सम्बन्धीतबाट कुल असुल गर्नुपर्ने रु</td><td>६३,३०४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३.६			लागत अनुमानः उक्त विद्यालयमा निर्माण भएका भवन मध्ये निर्माण व्यवसायीबाट बनाइएको भवनको लागि कुल रु १६८८०२८७.३६ को लागत अनुमान तयार भएकोमा लेखापरीक्षण अवधिसम्म पनि लागत अनुमान स्वीकृत भएको पाइएन। लागत अनुमान स्वीकृत नगर्ने वा नगरी कार्य प्रक्रिया अगाडी बढाउने सम्बन्धीतलाई जिम्मेवार बनाई कार्य गर्नुपर्दछ।	
७३.७			स्थलगत अवलोकनको क्रममा विद्यालयको अभिलेख अनुसार विद्यालयलाई आ.ब.०७७/०७८ मा प्राप्त भएको तर खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम के कती कारणले बाँकी रहन गएको एकिन गरी संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने रु	५८,१५०

कार्यक्रम	निकासा	खर्च	बाँकी
छात्रवृत्ति	८५२००	८१२००	४०००
पिसिएफ शिक्षण सिकाइ सामाग्री	४५१५०	०	४५१५०
विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण	९०००	०	९०००
जम्मा			५८१५०.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४			**तत्मा सामुदायिक भवन निर्माण कार्य**	
७४.१			तत्मा सामुदायिक भवन निर्माण कार्यः पालिकाले गो.भौ.नं. ४-०७८/३/३१ बाट तत्मा सामुदायिक भवन निर्माण कार्यका निर्माण व्यवसायी आर.के.कन्स्ट्रक्सन लाई रु १९६७७८९.०५ भुक्तानी दिएकोमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः	
७४.२			प्रदेश सरकारबाट बर्थिङ्ग सेन्टरको लागि भनी विशेष अनुदान प्राप्त भएकोमा नगर सभाको निर्णय बमोजिम सामुदायिक भवनको लागि खर्च गरेको पाइयो। कार्यक्रम संशोधनको औचित्य पुष्टि हुने कागजात संलग्न गरेको पाइएन। विशेष अनुदान जुन उद्वेश्यको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गरिनुपर्दछ।	
७४.३			उक्त ठेक्काको म्याद कोभिड १९ को कारण देखाउँदै मिति २०७७/३/२० बाट मिति २०७७ पुष मसान्तसम्म थप भएकोमा पुनः सोही कारण देखाउँदै कार्य पालिकाको निर्णय अनुसार मिति २०७८/३/३१ सम्म म्याद थप गरेको पाइयो। प्रथमपटक कोभिड १९ को कारणले ६ महिना म्याद थप हुनु स्वभाविक भएतापनि दोस्रो पटक पनि पूर्व निर्धारित क्षतिपुर्ति नलिई सोही कारणले म्याद थप हुनु उचित देखिएन। यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४.४			उक्त निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्दा PS आइटममा रहेको सूचना बोर्ड बापतको रु ५००० र ल्याब टेष्टको रु १५००० गरी रु २०००० भुक्तानी दिदा उक्त खर्च पुष्टी हुने छुट्टै बिल भर्पाई संलग्न भएको पाइएन । साथै उक्त रकममा मू.अ.कर रु २६०० समेत थप गरि दिएको पाइयो । तसर्थ बिल संलग्न भएको नदेखिएकोले मु.अ.कर सहित रु २२६०० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	२२,६००
७४.५			पालिकाले उपभोक्ता समितिबाट मेशिन भाडाबापत कट्टि गरेको अन्य बहाल कर रु १५०४२८.६३ संघीय राजस्व खातामा जम्मा गर्नुपर्नेमा आफ्नो आन्तरिक आय खातामा जम्मा गरेको देखिएकोले संघीय राजस्व खातामा जम्मा गर्नुपर्ने रु	१५०,४२९
७५			**सम्झौता गर्न नआएको** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ मा स्विकृतीको लागी छनौट भएका बोलपत्रदाता सम्झौता गर्न नआएमा त्यस्ता निर्माण व्यावसायीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले एक देखि तिन वर्ष सम्म कालोसुचिमा राख्ने ब्यावस्था छ । कार्यालयले ठेक्का नम्बर-८ लक्ष्मीपुर पिच देखि रैन संम र मदासा चौक देखि दक्षिण मर्जुवा जाने बाटो संम सडक कालोपत्रे कार्य गर्न रु. १७५४३३७४।६२ को लागत अनुमान तयार गरी सुचना प्रकाशन गरी सबैभन्दा कम कवोल गर्ने ॐ साई निर्माण सेवा रु. ८२१४४५६।७४(मू.अ.कर सहित) को बोलपत्र मिति २०७६-९-१२ गत्ते स्वीकृत गरी सम्झौता गर्न मिति २०७६-१०-१३ गत्ते ७ दिनको म्याद दिई पत्रचार गरेकोमा म्याद सकिदा सम्म सम्झौता गर्न नआएको जनाई वोलपत्र जमानत जफत गरी दोस्रो घटिवाला राजदेवी भक्त कन्ट्रक्सन रु. ९९४५४५८।४९(मू।अ.कर सहित) संग सम्झौता गरी कार्य गर्दा रु. १७३१००२। बढि खर्च हुन गएको छ । कार्यालयले एकै साथ सुचना प्रकाशन गरी बोलपत्र मुल्यांङ्कन लगायत सम्पुर्ण कार्य संगै गरेको ठेक्का नम्बर-७ को कालोपत्रे कार्य पनी ॐ साई निर्माण सेवाले सबैभन्दा कम कबोल गरी कार्य गरेको अवस्था समेत देखिएको हुदा निज बोलपत्रदाता काम गर्न असमर्थ भएको र सम्झौता गर्न नआएको भन्न सक्ने अवस्था देखिदैन । एकै साथ २ बोलपत्र स्वीकृती, फर्मलाई सम्झौता गर्न आउन पत्राचार गरेकोमा ठेक्का नं. ७ मा सम्जौता गर्न नआई कार्य गर्ने र ठेक्का नं.८ मा सम्झौता गर्न नआएको देखाएको हुँदा बोलपत्रदाता र कार्यालयका जिम्मेवार पदाधिकारी वीच मिलेमतो नभएको भन्न सक्ने अवस्था समेत देखिदैन । अत कानुनमा उल्लेखित व्यवस्था अनुसार कार्यालयले कालोसुचीमा राख्ने कानुनी कारवाही अगाडी नबढाएको र थप व्ययभार पार्ने गरी फर्मलाई पुन कार्य गर्न ताकेता तथा फर्मको काम गर्न असमर्थको पत्र नलिई एकै फर्मलाई दुई बोलपत्र स्वीकृत भएकोमा ठेक्का नं.७ मा सम्झौता गरेको र अर्को घटी भएको ठेक्का नं.८ मा सम्झौता गर्न नआएको जनाई दोस्रो घटीवाला फर्मलाई कार्य गर्न दिई रु.१७३१००२ बढी भुक्तानी गरेको सम्बन्धमा वास्तविकता एकिन गरी असुल फर्स्योट गर्नुपर्ने रु.	१,७३१,००२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**अमानतबाट कार्य** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८(१)मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । बिभिन्न वडाको सिफारिसमा वडा अध्यक्ष, सचिव एवं अन्य कर्मचारी मार्फत अमानतमा गराएको कामको मूल्यांकन गरी सम्बन्धित वडा अध्यक्ष तथा कर्मचारीलाई भुक्तानी दिएको देखिन्छ । अमानतबाट काम गराउनु पूर्व स्वीकृति लिएको देखिदैन । कार्यालयमा रहेका निर्माण उपकरणहरु (ट्याक्टर, लोडर) प्रयोग गरी निर्माण सम्वन्धी सामाग्री खरिद गरी ज्यालामा काम गराउन पर्नेमा सो नगरी कार्यालयले उपभोक्ता समितिलाई कार्य गर्ने दर विष्लेषणको दरमा वडा अध्यक्ष तथा कर्मचारी मार्फत विभिन्न फर्मबाट सामान खरिद गरी सोही विलको आधार र डोर हाजिरी संलग्न गरी प्राविधिक विलको आधारमा रु. ५७९४६३। भुक्तानी दिएको नियमित नदेखिएको रु	५७९,४६३

भौ नं ।मिति	पदाधिकारी । कर्मचारी	कामको विवरण	रकम
१६-०७७-५-२९	महमद हजरत शेष	सडक मर्मत	८४३७५
१७-०७७-५-२९	रिखेश्वर कडरिया	सडक मर्मत	९९५८८
१८-०७७-५-२९	हरि बहादुर थापा	सडक मर्मत	१२४५२
१९-०७७-५-२९	हृदयनारायण पजियार	सडक मर्मत	६३३५९
२३-०७७-५-२९	महेश कुमार दास	सडक मर्मत	३८०००
२२-०७७-५-२९	राजन कुमार मगर	चापकल निर्माण	५००००
६३-०७७-९-२१	हृदयनारायण पजियार	सडक मर्मत	३७०१२
६२-०७७-९-२०	हरि बहादुर थापा	सडक मर्मत	९६०००
१४९-०७७-१२-२५	कुमार लामा	माटो भर्ने	९८६७७
	जम्मा		५७९४६३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७७			**पशु औषधी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार रु.७८०६९०। पशु औषधी खरिद गरी जिन्सीमा आम्दानी जनाई एकमुष्ट खर्च जनाएकोमा औषधी प्रयोग भएको प्रमाण खर्च साथ संलग्न नभएको रु.	७८०,६९०

भौ नं ।मिति	फर्मको नाम	कामको विवरण	रकम
१३३-०७७-१२-१०	मैनाली भेट फर्मा	पशु औषधी	४८२१०८
१८३-०७८-२-२३	शुभ भेट फर्मा	पशु औषधी	२९८५८२
	जम्मा		७८०६९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७८			**लागत अनुमान** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यावस्था छ । कार्यालयले उल्लेखित कानुनको पालना नगरी निम्नानुसार रु.१४६९०००। कार्यक्रम प्रशारण भएको प्रमाण समेत खर्च साथ संलग्न नगरी खर्च गरेको नियमित नदेखिएको रु.	१,४६९,०००

भौचर नं. मिति	संस्था	कार्य	भुक्तानी रकम
८५-०७७-७-२७	सामुदायिक रेडियो एकता	रेडियो कार्यक्रम	४९७२००
४८८-०७८-३-११	सामुदायिक संचार एकता सहकारी संस्था लि.	रेडियो म्यागेजिङ्ग उत्पादन तथा प्रशारण	४९७२००
४९२-०७८-३-१५	मुनाल सामुदायिक संस्था	रेडियो कार्यक्रम	४७४६००
	जम्मा		१४६९०००।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७९			**उपभोक्ताको काम** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।	
८०			**मेसिनको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत ग्यास चुल्हो खरिद कार्य
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) अनुसार श्रममुलक प्रकृतिको काम र उपनियम १० बमोजिम उपभोक्ता समिति आफैले सम्पादन गर्नुपर्ने काम मात्र उपलब्ध गराउनु पर्ने व्यवस्था छ । नियमावलीमा भएको उक्त व्यवस्थाले मुलतः श्रममूलक प्रकृतिको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिन्छ । तर कार्यालयले निम्न उपभोक्ता समितिबाट ग्यास चुल्हो खरिद तथा जडान कार्य गर्दा श्रममूलक प्रकृतिको काम भएको पाइएन । यस्तो प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराउँन भन्दा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ । उपभोक्ता समितिबाट ग्यास चुल्हो खरिद तथा जडान रु. १२१००००। को कार्य गर्दा श्रममूलक प्रकृतिको काम नगरी खरिद कार्य मात्र भएको रु.
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>उपभोक्ता समिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४९०-०७८-३-१३</td><td>ग्यास चुल्हो वितरण उ.स</td><td>५८२०००</td></tr>
<tr><td>१५२-०७७-१२-२६(न.पा.पुजिगत)</td><td>ग्यास चुल्हो वितरण उ.स</td><td>६२८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२१००००</td></tr>
</table></td><td>१,२१०,०००</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>ओभरहेड खर्च
सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसुची १(क नियम १२ को उपनियम (४) संग सम्बन्धित) मा परामर्श सेवाको लागत अनुमान तयार गर्ने ढाँचा स्वीकृत भएकोमा ओभरहेड वापतको रकम उपलब्ध गराउने व्यवस्था रहेको छैन । कार्यालयले निम्न अनुसार कार्य गरी रु. ९८५३६०। भुक्तानी गरेकोमा ओभरहेड वापत रु.७९५४०। भुक्तानी भएकोले सम्बन्धितबाट ओभरहेड वापत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>ओभरहेड रकम</th></tr>
<tr><td>५७५-०७८-३-३०</td><td>उपमन्यु परामर्श सेवा प्रा.ली</td><td>राजस्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण कार्यक्रम</td><td>४९२६८०</td><td>३९५५०</td></tr>
<tr><td>५७७-०७८-३-३०</td><td>एस.के. परामर्श</td><td>सामाजिक परीक्षण गर्ने कार्यक्रम</td><td>४९२६८०</td><td>३९९९०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>९८५३६०</td><td>७९५४०</td></tr>
</table></td><td>७९,५४०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८३			**स्वास्थ्य संस्थाहरुलाई सहायता** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा स्वास्थ्य संस्थाहरुलाई सहायता खर्चमा रु. ६६५०००००। आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी नगर प्रमुख तथा कार्यपालिकाको निर्णय अनुसार पटक पटक निर्णय गरी रु. ४०५२२६६। खर्च गरेको छ । नगरसभाबाट विस्तृत रुपमा योजनागत तथा कार्यक्रमगत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी नगर प्रमुखले पटक पटक निर्णय गरी न्यनतम रु.१६८०० देखि रु. ११५००००। संम बिभिन्न भौचरबाट खर्च गरेको नियमित नदेखिएको रु.	४,०५२,२६६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८४			**स्वयंसेवक तथा निजी शिक्षक अनुदान** पालिकाले १५ वटा सामुदायिक विद्यालयको स्वयंसेवक शिक्षक व्यवस्थापन गरी २०७७ श्रावण देखि २०७८ आषाढ मसान्त सम्म तलब भत्ता वापत रु. ८८९३७८१। स्वय सेवक तथा निजी शिक्षक अनुदान भनि राजश्व वाँडफाड न.पा.चालु खर्च खाताबाट खर्च लेखेकोमा सामुदायिक विद्यालयका सवै शिक्षकहरुको दरबन्दी अनुसारको पारिश्रमिक खर्च सर्शत अनुदानमा व्यवस्था गरी लेख्नु पर्नेमा स्वीकृत दरबन्दी बेगर राजश्व बाँडफाड शिर्षकबाट खर्च लेखेको देखिएकोले उक्त खर्च नियमित नदेखिएको रु.	८,८९३,७८१

भौचर नं. मिति	कार्य	भुक्तानी रकम
२-०७७-५-२५	शिक्षक तलब	२५००००
३-०७७-५-२५	शिक्षक तलब	१५००००
४-०७७-५-२५	शिक्षक तलब	३०००००
५-०७७-५-२५	शिक्षक तलब	१५००००
६-०७७-५-२५	शिक्षक तलब	२५००००
८५-०७७-७-२७	स्वयंसेवक शिक्षक तलब	४९७२००
२५७-०७७-११-०२	स्वयंसेवक शिक्षक तलब	३४५४४१५
५२३-०७८-३-२४	स्वयंसेवक शिक्षक तलब	८८७१६६
३४९-०७७-१२-२९	शिक्षक तलब	१५५०००
२५०-०७८-३-२५(न.पा.पुजिगत)	स्वयंसेवक शिक्षक तलब	२८०००००
	जम्मा	८८९३७८१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८५			**शैक्षिक संस्थाहरुलाई सहायता** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा शैक्षिक संस्थाहरुलाई सहायता खर्चमा रु. १३६११०००। आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी नगर प्रमुख तथा कार्यपालिकाको निर्णय अनुसार पटक पटक निर्णय गरी रु. ९८४४७०९। खर्च गरेको छ । नगरसभाबाट विस्तृत रुपमा योजनागत तथा कार्यक्रमगत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी नगर प्रमुखले पटक पटक निर्णय बिभिन्न भौचरबाट खर्च गरेको नियमित देखिएन ।	
८६			**शैक्षिक अनुदान** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्याबस्था अनुसार बिल भरपाई नराखि निम्नानुसार रु.३३६६०००। एकमुष्ट शैक्षिक अनुदान उपलब्ध गराएको छ । अनुदानको सहि सदुपयोग तथा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु. भौ.नं./मिति | नाम | विवरण | रकम २१५-०७७-१०-०९ | महाबिर जनता क्याम्पस | अनुदान | ६००००० २७३-०७७-११-१५ | बिभिन्न १५ बिध्यालय | बिधार्थीको लागी न्यानो कपडा खरिद | २७६६००० | जम्मा | | ३३६६०००	३,३६६,०००
८७			**अभ्यास पुस्तिका** पालिकाले यो बर्ष कोभीड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि भनी राजश्री स्टेशनरी उद्योगबाट ३७९०.०० थान अभ्यास पुस्तिका खरिद गरी गो.भौ.नं. ३११ मिति २०७८/३/२८ बाट रु २९९७८९.०० भुक्तानी गरेको छ । अभ्यास पुस्तिका कुन विद्यालयका विद्यार्थीहरुलाई के कसरी बितरण गरिएको हो खुल्ने अभिलेख नराखी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै अभ्यास पुस्तिका बितरणको भर्पाइ पेश गर्नुपर्ने रु	२९९,७८९
८८			**पिसिएफ अनुदान** पालिकाले कक्षा १ देखि १२ सम्म अध्ययनरत ७४९७ विद्यार्थिहरुको लागि प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री व्यवस्थापन अनुदान बापत १५ विद्यालयलाई रु १३१४३००.०० र कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणको लागि शैक्षिक कार्यक्रम अन्तर्गत विद्यालयमा स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापनको लागि १५ विद्यालयका बाल बिकास देखि कक्षा १२ सम्मका ८१३० विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु २०० का दरले रु १६२६०००.०० अनुदान दिएको देखिन्छ । त्यस्तै १५ वटा बाल बिकास केन्द्रका ६६० विद्यार्थीहरुलाई रु ५०० का दरले रु ३३०००० गरी कुल रु ३२,७०,३००.०० निकासा दिएको पाइयो । उक्त अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरी खर्चलाई प्रभावकारी बनाइनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८९</td><td></td><td></td><td>सामाजिक परिक्षण
पालिकाले यो बर्ष १५ विद्यालयलाई विद्यालय व्यवस्थापन समिति क्षमता बिकासमा रु २५५०००.०० र सामाजिक परिक्षण, तथ्याकं व्यवस्थापनमा रु १८००००.०० गरी कुल रु ४३५०००.०० निकासा गरेको छ । उक्त अनुदान प्राप्त गरेपछी विद्यालयहरुले क्षमता विकासमा प्रयोग गरे नगरेको तथा सामाजिक परीक्षण भए नभएको पालिकाले अनुगमन गरी अनुदानको सदुपयोग नगरेको पाइएमा सम्बन्धीत विद्यालयबाट निकासा फिर्ता गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम
विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रमः पालिकाले यो बर्ष विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान अन्तर्गत निम्न विद्यालयहरुमा निकासा गएकोमा सो निकासा अनुसार काम भए नभएको प्राविधिक नाँपजाँच सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>प्रयोजन</th><th>निकासा रकम</th></tr>
<tr><td>पाँचकुमार रामऔतार लक्षिया मा.वि. हरिपुर १</td><td>२ कोठे भवन</td><td>१८,००,०००.००</td></tr>
<tr><td>महाविर जनता मा.वि. हरिपुर २</td><td>२ कोठे भवन</td><td>१८,००,०००.००</td></tr>
<tr><td>जनता प्रा.वि. हरिपुर ८</td><td>२ कोठे भवन</td><td>१८,००,०००.००</td></tr>
<tr><td>सार्वजनिक मा.वि. हरिपुर ६</td><td>४ कोठे भवन</td><td>३६,००,०००.००</td></tr>
<tr><td>जनकल्याण प्रा.वि. हरिपुर २</td><td>वास सहितको शौचालय</td><td>७,००,०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९७,००,०००.००</td></tr>
</table></td><td>९,७००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९१</td><td></td><td></td><td>विद्यालय शैक्षिक गुणस्तर तथा प्रोत्साहन
पालिकाले यो बर्ष निम्नानुसारका विद्यालयहरुलाई विद्यालय शैक्षिक गुणस्तर एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको रुपमा गो.भौ.नं. १५७/०७८/२/१३ बाट रु १९,५०,०००.०० निकासा गरेको छ ।
<table>
<tr><th>विद्यालयको नाम</th><th>अनुदान बिषय</th><th>निकासा रकम</th></tr>
<tr><td>जनता मा.वि. हरिपुर ३</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००.</td></tr>
<tr><td>सार्वजनिक मा.वि. हरिपुर ६</td><td>आइ सि टि ल्याब व्यवस्थापन</td><td>६५००००.</td></tr>
<tr><td>रामलगान मा.वि. हरिपुर</td><td>पुस्तकालय व्यवस्थापन</td><td>६५००००.</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९,५०,०००.००</td></tr>
</table>
उपर्युक्तानुसार सम्बन्धीत विद्यालयमा विज्ञान प्रयोगशाला, आइ सि टि ल्याब तथा पुस्तकालय स्थापना भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>१,९५०,०००</td></tr>
<tr><td>९२</td><td></td><td></td><td>सेनिटरी प्याड
सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन सोझै खरिद गरी सचिन जेनरल स्टोरलाई गो.भौ.नं. ३१२-०७८/३/२८ बाट प्रति प्याड रु. ४९.६४ का दरले १००७० प्याकेटको रु.४९९८८३.७६ (मूअकर समेत) भुक्तानी गरिएको छ । उक्त प्याडहरु विद्यालयहरुमा हस्तान्तरण गरिएको तथा सम्बन्धीत विद्यालयहरुले पनि जिन्सी खातामा आम्दानी बाँधी किशोरवस्थाका छात्राहरुलाई के कसरी बितरण गरियो भन्ने सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>फरक तथ्याक
पालिकाले दिवा खाजा लगायत अन्य शैक्षिक कार्यक्रम अन्तर्गतका अनुदानहरु बितरण गर्दा बाल कक्षा देखि कक्षा ५ सम्मका १५ विद्यालयमा विद्यार्थी संख्या ४७९१ रहेको देखिएकोमा कार्यपालिकाबाट टोपी र स्वीटर बितरण कार्यक्रमको लागि सोही विद्यालयहरुमा बाल कक्षा देखि कक्षा ५ सम्म ४६१५ मात्र विद्यार्थी रहेको विवरण स्वीकृत भएको देखिएकोले दिवा खाजा निकासा हुदाको प्रति विद्यार्थी औषत खर्च रु १४८५ को दरले १७६ विद्यार्थीहरुको लागि बढी निकासा गए नगएको एकिन गरी असुल गर्नुपर्ने रु</td><td>२६१,३६०</td></tr>
<tr><td>९४</td><td></td><td></td><td>तलबी प्रतिवेदन
शिक्षा ऐन तथा नियमावली २०५९ ले विद्यालयमा कार्यरत शिक्षकहरुको शिक्षक किताबखानाबाट तलबी बिवरण पारित गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म विद्यालयमा कार्यरत शिक्षकहरुको तलबि बिवरण पारित गरेको देखिएन । तलबि बिवरण पारित नहुदा यो बर्ष निकासा भएको शिक्षकहरुको तलब तथा ग्रेडको यथार्थता भिडान गर्न सकिएन । तलबि बिवरण पारित नगरी तलब निकासा गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९५			**अंग्रेजी, गणित र विज्ञान बिषय अनुदान** पालिकाले गो.भौ.नं. २८५ मिति ०७८/३/२५ बाट अंग्रेजी, गणित र विज्ञान बिषय शिर्षकमा तिनवटा विद्यालयलाई रु २८०१४५.०० निकासा गरेकोमा पाचकुमारी रामऔतार मा.वि. ले शिक्षक करार नियुक्ती, हाजिरी र माग फाराम भौचर साथ संलग्न गरेको तर अन्य २ विद्यालय जनता मा.वि. हरिपुर २ र रामलगान मा.वि. हरिपुर ९ को क्रमशः रु ८४६००.०० र ९११७४.०० को सम्बन्धमा कुनै कागजात संलग्न गरेको नदेखिएकोले उक्त दुइ विद्यालयले तोकिएको बिषयमा अनुदान उपयोग गरे नगरेको सम्बन्धमा आवश्यक प्रमाण कागजात संलग्न गर्नुपर्ने रु	१७५,७७४
९६			**फरक तथ्याक** पालिकाले शिक्षण सिकाइ सामाग्री व्यवस्थापन अनुदान बापत १५ विद्यालयलाई रकम निकासा गर्दा बाल कक्षा देखि कक्षा ५ सम्मका १५ विद्यालयमा विद्यार्थी संख्या ४७९१ रहेको देखिएकोमा कार्यपालिकाबाट टोपी र स्वीटर बितरण कार्यक्रमको लागि सोही विद्यालयहरुमा बाल कक्षा देखि कक्षा ५ सम्म ४६१५ मात्र विद्यार्थी रहेको विवरण स्वीकृत भएको देखिएकोले फरक तथ्याकं १७६ को प्रति विद्यार्थी अनुदान रु २०० को दरले बढी निकासा गए नगएको एकिन गरी असुल गर्नुपर्ने रु	३५,२००
९७			**छात्रवृत्तिको अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिका ०७७/०७८ मा छात्रवृत्ति वितरण गर्न जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नुपर्ने, समितिले जिल्लामा प्राप्त कोटा र रकम समेतलाई ध्यानमा राखी छात्रवृत्ति वितरण सम्वन्धी नीति तयार गर्ने, विद्यालय खुलेको दिनमा कम्तिमा ८० प्रतिशत हाजिर भएका छात्रछात्रालाई दोहोरो नपर्ने गरी अभिभावकको रोहबरमा वितरण गरी र वितरणको नाम नामेसी सहितको विवरण कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले छात्रवृत्ति वितरण भएका छात्रछात्रालाई निर्देशिकाले तोकेबमोजिम बितरण भए नभएको एकिन विवरण समेत प्राप्त नगरी छात्रवृत्ति वितरण गर्न विद्यालयहरुलाई रकम निकासा दिएको छ । यसरी निकासा दिएकोमध्ये केही छात्रवृत्तिको संख्या र रकम निम्नानुसार छ । तसर्थ सम्बन्धीत विद्यार्थीले रकम प्राप्त गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन हुनुपर्दछ ।	

सि.नं.	छात्रवृत्तिको प्रकार	संख्या	रकम
१	कक्षा १-८ छात्रा	३१६१	१२६४४००
२	दलित छात्र १-८	५०८	२०३२००
३	मदरसा छात्रा	६३८	२५५२००
४	दृष्टिविहिन विद्यार्थी	१३	३५६०००
५	सुस्त श्रवण विद्यार्थी	२८	११७६०००
जम्मा			३२,५४,८००.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९८			**बढी निकासाः** पालिकाले श्री रामलगान मा.वि. हरिपुर ९ मा कार्यरत शिक्षक रामनाथ प्रसाद मिति २०७८/३/१७ मा अनिवार्य अवकाश भएकोमा पुरै महिनाको तलब माग निकासा गरेको पाइयो । निजको नाममा विद्यालयलाई १३ दिनको तलब भत्ता रु १६२६०.८३ बढी निकासा भएको देखिएकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	१६,२६१
९९			**तलब निकासा** विदयालयले पेश गरेको भर्पाई अनुसार जनता मा.वि. हरैया मा कार्यरत प्रा.वि. राहत शिक्षक प्रेमा मिश्रले बैशाख देखि असार सम्मको रु ८५८३०.०० रकम बुझेको देखिएन । निजले ०७७ बैशाख देखि असार सम्मको रकम नबुझेकोमा विद्यालयले यो आर्थिक बर्षको प्रथम चौमासिक अन्तर्गत श्रावण र भदौको रु ५७२२० माग गरेको र सोही रकम निकासा भएको देखिन्छ । तसर्थ निज शिक्षकले बैशाख देखि भदौसम्म विद्यालयमा हाजिर भएको र तलब बुझेको प्रमाण पेश गर्नुपर्ने रु	१४३,०५०
१००			**शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७७।७८ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।	
१०१			**न्यानो झोला खरिद** सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा सोझै खरिद प्रक्रिया र रकमको सिमा सम्बन्धी व्यवस्था छ । त्यस्तै नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान स्पेशिफिकेशनको अधिनमा रहि सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सो अनुरुप लागत अनुमान तयार नगरी केही फर्मसँग दर माग गरी गो.भौ.नं. ८९-०७७/१०/२९ बाट ५५० सेट रु ४९२२५२.८६ मा र गो.भौ.नं. २९७-०७८/३/२५ बाट ५५७ थान रु ४९९६२५.६५ मा खरिद गरेको छ । यसरी खरिद नियमावलीले तोकेको सिमा भन्दा बढी सोझै खरिद गरेको र लागत अनुमानको प्रक्रिया समेत तोके बमोजिम पुरा गरेको नदेखिएकोले खर्च रकम नियम अनुरुप नदेखिएको रु	९९१,८७९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०२			**सोलार ब्याक अप खरिद** पालिकाले नगरपालिकामा सोलार ब्याकअप सिस्टम जडान कार्यको लागि गो.भौ.नं. ३३१-०७८/३/३० बाट रु ३४७६२७.०० (संघीय हस्तान्तरण चालु) र गो.भौ.नं. २६ मिति २०७८/३/३० (सघीय हस्तान्तरण पूँजिगत) दुवै शिर्षक अन्तर्गत फरक फरक संस्थाबाट खरिद गरी कुल रु ५९५५८७.०० खर्च लेखेको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ ले तोकेको सोझै खरिदको सिमा भन्दा बढी सोझै खरिद गरेको र एकै प्रकृतिको काम फरक फरक शिर्षकबाट खरिद गरेकोले खर्च रकम नियमित गर्नुपर्ने रु	५९५,५८७
१०३			**निशुल्क औषधी वितरण** नगरपालिकाले यस वर्ष सर्शत अनुदानबाट रु.२९६२२९५.०० मुल्यको औषधी तथा स्वास्थ्य उपकरण खरिद गरेको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि नगरपालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले खरिद गरिएको सबै औषधिमा नि:शुल्क वितरण गरिने छाप लगाएको पाईएन । पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ ।	
१०४			**तलवी प्रतिवेदन** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा ७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ । यस पालिका मातहत रहेका आधारभुत स्वास्थय केन्द्र सहित ९ स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीका लागि तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु ३,८७,६७,७५४.५७ भुक्तानी दिएको छ । नियमानुसार प्रतिवेदन पारित नगराई खर्च लेखेको देखिएको हुँदा बढी तलब तथा ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन । अतः तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ ।स्वास्थ्य तर्फ कुल ३५ जनाको दरबन्दी रहेकोमा ५८ जना कार्यरत रहेकोले २३ जना कर्मचारी फाजिलमा रहेको व्यहोरा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएतापनि कुन कुन पदको कर्मचारी फाजिलमा रहेको हो र सो पदमा करारबाट नियुक्ती भए नभएको विवरण सहित स्वास्थय तर्फको कुद दरबन्दी तथा पदपुर्तिको अवस्था देखिने विवरण लेखापरीक्षणको क्रममा माग गरिएकोमा प्राप्त हुन सकेन । तलबी प्रतिवेदन पनि पारित नगरेको र दरबन्दी तथा पदपुर्तिको विवरण समेत प्राप्त नभएकोले कर्मचारी फाजिलमा रहेको पदमा नै करार नियुक्ती गरी तलब भत्ता दिए नदिएको एकिन गर्न सकिएन । त्यस्तै कर्मचारी फाजिलमा राखी तलब भत्ता खर्च लेख्नु उचित देखिएन । कर्मचारी अभिलेख तयार नगर्ने तथा कर्मचारी व्यवस्थापनमा कमजोरी गर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।	
१०५			**बढी भुक्तानी** पालिकाले गो.भौ.नं. २३८ मिति २०७८/३/२२ मा ठेक्का सम्झौता अनुरुप ५६ प्रकारका औषधी खरिद बापत सतिदेवी मेडिसिन सप्लायर्सलाई रु २४८०२७०.०० भुक्तानी दिएको छ । तर निज सप्लायर्ससँग त्यती नै प्रकारका औषधी खरिद गर्नको लागि रु २४६४१५०.०० को सम्झौता भएको देखिन्छ । यसरी सम्झौता भन्दा बढी भुक्तानी भएको रु १६१२०.०० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	१६,१२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०६			**आमा सुरक्षा कार्यक्रम** कार्यालयबाट प्राप्त विवरण अनुसार आमा सुरक्षा कार्यक्रम अन्तर्गत नगरपालिकामा यो बर्ष सुत्केरी भएका ७९६ महिलाको लागि प्रति सुत्केरी रु १००० को दरले ७९६००० बितरण गरेको छ । त्यस्तै इकाइ मूल्य अनुदान बापत सामान्य शल्यक्रिया बापत प्रति सुत्केरी रु १००० का दरले सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई कुल रु ७९६०००.०० रकम उपलब्ध गराएकोमा त्यस्तो रकम सम्बन्धित संस्थाको खातामा राखेको वा सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप बितरण गरेको प्रमाण पेश हुन आएन । तसर्थ निकासा गरेको अनुदानको तोकेबमोजिम उक्त रकम बितरण गरे नगरेको सम्बन्धमा एकिन गर्नुपर्दछ ।	
१०७			**औषधी खरिद लागत अनुमान** सार्वजनिक खरिद नियमावलीको नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान स्पेशिफिकेशनको अधिनमा रहि सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले शिलबन्दी दरभाउपत्र नं. १०/२०७७/०७८ बाट रु २४८०२७०.०० को औषधी खरिद गर्दा के कसरी लागत अनुमान तयार भएको हो सो सम्बन्धी कागजात लेखापरीक्षणको लागि पेश नभएकोले बिष्लेशण गर्न सकिएन । ठेक्का फाइल व्यवस्थापनमा सलग्नलाई जिम्मेवार बनाई उल्लिखित कमजोरीमा सुधार गर्नुपर्दछ ।	
१०८			**पोषण सुधार कार्यक्रम** पालिकाले पोषण सुधारको लागि विपन्न महिला सहकारी वा समूहमा आय आर्जनको लागि सामुदायिक महिला कृषि सहकारी संस्थालाई रु ६२५०००.०० भुक्तानी गरेको छ । उक्त संस्थासँग गरिएको सम्झौतामा ३० दिन भित्र आय आर्जनको व्यवसाय सञ्चालन नगरेमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर हालसम्म उक्त सहकारी संस्था मार्फत के कती व्यक्तिले आय आर्जनको क्रियाकलाप सञ्चालन गरे भन्ने व्यहोरा खुल्ने कागजात पेश हुन सकेन । तसर्थ खर्च रकम सम्झौता अनुरुप सदुपयोग भए नभएको अनुगमन गरी सदुपयोग भएको नपाइएमा सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु	६२५,०००
१०९			**सिलाई मेशिन** पालिकाले गो.भौ.नं. २६० मिति २०७८/३/२४ बाट ८ थान सिलाई मेशिन खरिद बापत ९९४४०.00 खर्च लेखेकोमा कसलाई बितरण गरियो भन्ने भर्पाई संलग्न गरेको पाइएन । तसर्थ बितरण भर्पाई पेश हुनुपर्ने रु को	९९,४४०
११०			**लघु उद्यम बिकास तालिम** पालिकाले प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडलमा नयाँ लघु उद्यमी सिर्जना कार्यक्रम अन्तर्गत कर्मचारीलाई पेश्की दिई विभिन्न ५ प्रकारका तालिम कार्यक्रम भएको भनी पेश्की फर्स्यौट सहित गो.भौ.नं. २६१ र २६२ -०७८/३/२४ बाट रु १०४७५८० खर्च लेखेको देखिन्छ । कार्यकर्म कार्यान्वयन गर्दा कार्यक्रमको उद्धेश्य अनुरुप सेवा प्रदायक संस्थाहरु मार्फत कार्यान्वयन गरेको देखिएन । तालिममा सहभागि छनौटको आधार तथा प्रशिक्षकको योग्यता खुल्ने कागजात समेत संलग्न गरेको पाइएन । उल्लिखित कमजोरीहरुमा सुधार हुनुपर्दछ । तालिम कार्यक्रममा संलग्न १२ जना प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुलाई रु ७०० देखि रु २५०० सम्मको दरले रु ३६०३००.०० प्रशिक्षक भत्ता प्रदान गरेकोमा सो भत्ताको दर सम्बन्धमा पालिकाले कुनै मापदण्ड बनाएको नदेखिएकोले यसरी फरक फरक दरमा खर्च लेख्ने आधार पेश गर्नुपर्ने रु	३६०,३००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१११			**प्रधानमन्त्री रोजगार कार्यक्रम** पालिकाले यो बर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा रु खर्च गरेको देखिन्छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो आर्थिक बर्षमा कुल ४६६ जना बेरोजगार सूचीमा आवद्ध भएकोमा १३९ जनालाई १०० दिन दैनिक रु ५१७ का दरले ज्याला भुक्तानी गरेको जनाएको छ । पालिकाले सूचिकृत बेरोजगारहरुलाई सडक मर्मत र कृषि कुलो मर्मत कार्यमा प्रयोग गरेको देखिन्छ । उक्त कार्यक्रम सञ्चालन निर्देशिकाले तोके बमोजिम सार्वनजिक सुनुवाई, तस्रो पक्ष मूल्याकंन, बेरोजगारहरुको क्षमता बिकास जस्ता कार्यकर्महरु गरेको देखिदैन । त्यस्तै सुचिकृत सबै बेरोजगारहरुले रोजगारीमा आवद्ध हुने गरी आयोजना छनौट पनि गरेको देखिदैन । उल्लेखित कमजोरीहरुमा सुधार गरी कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाइनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११२			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। कार्यालयले विभिन्न निर्माण व्यवसायी, पदाधिकारी र कर्मचारीलाई प्रयोजन समेत नखुलाई आर्थिक वर्षको अन्त्यमा दिएको पेश्की फछ्यौंट नभई वांकी रहेको देखियो। फछ्यौंट गर्न वाँकी रहेको पेश्की सम्बन्धित कार्यमा खर्च भएको प्रमाण सहित नियमावलीको व्यवस्था अनुसार पेश्की फछ्यौंट गर्नुपर्ने देखिएको रु.	२,४३२,६४२

क्रम	**कर्मचारीको नाम**	**पेस्की रकम**
११२.१	नेपाल विद्युत प्राधिकरण	३९,८६५
११२.२	नेपाल विद्युत प्राधिकरण	९८,८२७
११२.३	नेपाल विद्युत प्राधिकरण	२,००,०००
११२.४	आशेश्वर साह	५०,०००
११२.५	श्री जनता माध्यमिक विद्यालय हरैया हरिपुर	३,००,०००
११२.६	श्री जनता माध्यमिक विद्यालय हरिपुर ३	३,००,०००
११२.७	श्री पाँच कुमार राम औतार लक्षिया माध्यमिक विद्यालय हजारविघा	३,००,०००
११२.८	श्री महाविर जनता माध्यमिक विद्यालय	३,००,०००
११२.९	श्री रामलगन माध्यमिक विद्यालय	३,००,०००
११२.१०	श्री सार्वजनिक माध्यमिक विद्यालय	३,००,०००
११२.११	श्री महाविर जनता माध्यमिक विद्यालय	१,७२,०००
११२.१२	श्री महाविर जनता माध्यमिक विद्यालय	७१,९५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११३			**व्यक्तिगत घटना दर्ता तथा सा.सु. व्यवस्थापनको लागि समान खरिद** पालिकाले यस कार्यको लागि सिटिजन इन्फोटेक प्रा.लि.सँग रु ९९७७९०.०० को सम्झौता गरी डेस्कटप कम्प्युटर, प्रिन्टर, स्क्यानर मेशिन खरिद गरेकोमा सो खरिद कार्यको स्पेशिफिकेसन, लागत अनुमान, ठेक्कका प्रक्रिया सम्बन्धी कागजात पेश नभएकोले खरिद प्रक्रियाको बिश्लेषण गर्न सकिएन । तसर्थ खरिद सम्बन्धी उक्त कागजात पेश गर्नुपर्ने रु	९९७,७९०
११४			**बाख्रा बितरण** पालिकाले हरिपुर सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडलाई बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र बिकास कार्यक्रमको लागि गो.भौ.नं. १०२ बाट ७० वटा बिउँ बाख्राको लागि रु ४९००००.०० र गो.भौ.नं. २२४ बाट ११५ वटा पाठी र ६ वटा बोकाको लागि रु ९१०००० गरी कुल रु १४०००००.०० भुक्तानी दिएको पाइयो । संस्थाले बाख्रा खरिद गरी पेश गरेको बिलमा बाख्राको प्रकार, तौल, उमेर आदी खुलेको देखिदैन ।त्यस्तै उक्त बाख्राहरु बितरण गरेको भर्पाई पनि पेश भएको देखिएन । यसबाट बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र बिकास गर्ने उद्वेश्यमा के कती सहयोग पुग्यो वा पुगेन एकिन गर्न सकिएन । उक्त कार्यक्रमको अनुगमन गरी बाख्रा बितरण तथा उपयोग सहि तरिकाले भए नभएको एकिन गरी बाख्रा बितरणको भर्पाई समेत पेश गर्नुपर्ने रु	१,४००,०००
११५			**आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु फर्स्यौट नगरेको** आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु फर्स्यौट नगरेकोः पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औल्याइएको बेरुजु अन्तिम लेखापरीक्षण अवधिसम्म पनि फर्स्यौट नगरेको पाइयो । आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट कायम भएका निम्नानुसारका कैफियतहर समयमै फर्स्यौट गर्नुपर्ने रु	२४२,७२७.५७

गो भौ नं. र मिति	प्रतिवेदनमा औल्याइएको व्यहोराहरु	रकम
२४-०७७/६/२	कार्यक्रम भएको फोटो ब्यानर संलग्न नभएको	
१५५-०७७/८/१८	सडक कालोपत्रेको रकम भुक्तानी गर्दा कट्टा गरेको कर रकम जम्मा नभएको	२७९४४.०३
११९-०७७/८/२३	धर्म संस्कृतिको रुपमा असम्बन्धीत खर्च	
१२९-०७७/९/५	का.स. राधिका कुमारी अधिकारीले राजिनामा दिएपनि तलब भत्ता भुक्तानी गरेको रु	१९४७६
१४६-०७७/९/८	दिप निर्माण सेवालाई बिमाको रकम भन्दा बढी भुक्तानी रु	३९६२.४१
१४९-०७७/९/८	सवारी चालकले पेश गरेको लग बुक भन्दा बढीको टिप्पणी उठाइ रकम भुक्तानी रु	१३३५८
१७९-०७७/९/८	खर्चको बिल भर्पाई नभएको	४३९००
	का.स. राधिका कुमारी अधिकारीले राजिनामा दिएपनि तलब भत्ता भुक्तानी गरेको रु	१९४७८
२१८-०७७/१०/९	गुडबिल जनरल अर्डर नन फाइलर रहेको तर भ्याट रकम भुक्तानी	८३१४.८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			२१९-०७७/१०/९	शिक्षण सामाग्री खरिद गरिएको नन्दनी ट्रेडर्स नन फाइलर रहेकोमा भ्याट भुक्तानी रु	३३४०	
			२५३-०७७/१०/२९	का.स. राधिका कुमारी अधिकारीले राजिनामा दिएपनि तलब भत्ता भुक्तानी गरेको रु	१९४७६	
			४५०-०७८/२/२७	पेश्की फर्स्योटमा इ सेवाको बिल नरहेको ।		
			४८८-०७८/३/११	रेडियो सि डि पेन ड्राइभ नपाइएको		
			पूँजिगत तर्फ			
			४०-०७७/७/४	दिप निर्माण सेवाले बिमाको बिल नै नराखि रकम भुक्तानी रु	१००००	
			४१-०७७/७/४	सन्तोष एण्ड अभिषेक कम्पनीलाई भुक्तानी दिदा बिमाको बिल बिना नै भुक्तानी रकम रु	१००००	
			४२-०७७/७/६	ओम साइ निर्माण सेवालाई बिमाको रकम भन्दा कम रकमको बिल राखी रकम भुक्तानी रु	९३९०	
			६५-०७७/९/२२	जितेन्दं निर्माण सेवालाई बिमा बढी भुक्तानी रु	६०९६.३३	
			६७-०७७/९/२३	एस एन आर टि पी रोड मर्मतमा न पा को चेनवाला डोजर प्रयोग गरिएको सो कार्यको मेशिनको भाडा अग्रिम रुपमा रु ४८००० मिति २०७७/३/१ मा भुक्तानी उ स को सदस्यले कार्यालयमा दाखिला गरेको तर भुक्तानीको समयमा सो रकम कट्टा नगरिएकोले उ स को दाबि अनुसार फिर्ता गर्नुपर्ने रकम रु	४८०००	
			जम्मा		२४२७२७.५७	
			निम्न अनुसारको करयोग्य कारोबारमा कर बिजक जारी नगरी प्यान बिल मात्र जारी गरेको र सोही बिल संलग्न गरी रकम भुक्तानी दिएकोमा उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ ।			
			२६७-०७७/११/६	मनिरा ब्याग उद्योग	३९५२	
			३८-०७७/७/३	न्यु शक्ति इट्टा उद्योग	१५०००	
			३९-०७७/७/३	त्रिशक्ती हार्डवेयर	६५७६४.८	
			५९-०७७/९/१५	न्यू शक्ती इट्टा उद्योग	२१०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			८२, ८३, ८६, ८७, १०७, १०९, १२७, १५९, २०८ बाट ९ वटा कारोबार	न्यू शक्ती इट्टा उद्योगले पान बिल जारी रकम रु	५१२४९०.२४	
			८५-०७७/१०/२२	हरैया चोक देखि पूर्व मजुर्वा बजार सम्मको सडक मर्मत सम्भारमा तेलको बिल	२२८५६२	
			८८-०७७/१०/२५	सिद्दि बिनायक एग्रिगेट इण्डष्ट्रिज	१२००००	
			१७४-०७८/२/२०	मैत्रि हनुमान फिक्स इट्टा उद्योग	८७००	
			१७६-०७८/२/२०	रौनक इट्टा उद्योग	३१२२४	
			१८१-०७८/२/२३	मैत्रि हनुमान फिक्स इट्टा उद्योग	५४०००	
			२०२-०७८/३/१	बाग्मती शैन्ड इण्डष्ट्रीज प्रा लि	४८०००	
			२६९-०७८/३/२८	गढीमाइ आधुनिक इट्टा उद्योग	४८०००	
			२९९ र ३०४-०७८/३/३०	प्रिन्स स्टोन क्रसर उद्योग	३३००००	
			२१०-०७८/३/६	बाग्मती सैण्ड प्रोसेसिङ्ग प्लाण्ट	९०००	
			२१७-०७८/३/८	कालिका बौद्धिक फिक्स इट्टा उद्योग	३५०००	
			२२३-०७८/३/१५	ओम बम शंकर इट्टा उद्योग	३००००	
११६			**कृषक छनौट** पालिकाले गो.भौ.नं. १५६ मिति २०७८/२/१३ बाट उन्नत धान बिउँमा कृषकहरुलाई अनुदान कार्यक्रम अन्तर्गत ६४७५ केजी धानको बिउँ लागत साझेदारीमा खरिद गरी रु ३४३१७५ खर्च लेखेको देखिन्छ । यसरी बिउँ खरिद गरी बितरण गर्दा कार्यालयको क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक पटक नदोहोरिने गरी तथा सबै कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । यस्तो प्रणाली नहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको बिश्वसनीय र बैज्ञानिक आधार बिकास गरी कार्यान्वयन गरिनुपर्दछ ।			
११७			**सामाजिक सुरक्षा कार्यक्रम**			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११७.१			सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ११ वटा वडका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न तिन वटा वैंक लाई चौमासिक निकासा गरी तिन चौमासिकको जम्मा रु. ८,९३,२६,७२१.०० निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
११७.२			सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	
११७.३			सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	
११७.४			सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि – १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट अनिवार्य रुपमा पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ । नगरपालिकाले सामाजिक सुरक्षा शिर्षकबाट लाभग्राहिको खातामा रकम भुक्तानी गर्न बैंकलाई चौमासिक रुपमा निकासा दिएकोमा वैंकवाट चौमासिक रुपमा दाखिला भए नभएको विवरण प्राप्त हुन नसक्दा प्रत्येक वडागत रुपमा भएकव निकासा र दाखिला भिडान गर्न सकिएन । वैंकले प्रत्यक वडा वाईज प्रत्यक चौमासिकरुपमा लाभग्राहिको खातामा रकम जम्मा गरिदिएको विवरण माग गरी MIS विवरण सँग भिडान गरी लाभग्राहिको खातामा रकम जम्मा भएको सुनिश्चित गरेरमात्रै अर्को चौमासिकको निकासा दिने र तेस्रो चौमासिकको विवरण माग गरी बाँकी रकम फिर्ता लिनु पर्दछ ।	
११८			**सामाजिक सुरक्षा कार्यक्रम** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौतापत्रको दफा ६ मा नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए नगरपालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम नगरपालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र नगरपालिकालाई दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट चौमासिकरुपमा सवै वडाका लाभग्राहिको खातामा रकम जम्मा गर्न नेपाल बैंक लिमिटेलाई रु. ८,९३,२६,७२१.०० निकासा पठाएको रकम मध्ये कति रकम लाभग्राहिको खातामा दाखिला भयो र कति रकम दाखिला नभई निष्कृय खातामा रहेको छ सो रकम यकिन गरी संघिय संचितकोष खतामा दाखिला गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११९			**स्रेस्ता तथा अभिलेख** पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ । • म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता • म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व) • म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता • म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता • म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता • म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता • म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब	
१२०			**राजस्व सम्बन्धी सफ्टवेयर** पालिकाले आन्तरिक राजस्व संकलन प्रयोजनार्थ सबै वडामा समेत विधुतिय सफ्टवेयर प्रयोगमा ल्याएको जनाएको भएतापनि सबै राजस्व संकलन सफ्टवेयरबाट मात्र नभई म्यानुअल रुपमा नगदी रसिदको पनि प्रयोग हुने गरेको जानकारी गराएतापनि कुल संकलित आन्तरिक राजस्व मध्ये कति रकम सफ्टवेयरबाट र कति रकम म्यानुअल रसिदबाट संकलन भयो भन्ने विवरण लेखापरीक्षणको क्रममा प्राप्त हुन सकेन । आफैले प्रयोगमा ल्याएको यस्तो सफ्टवेयरको डाटा स्टोरेज, डाटा परिवर्तन तथा डाटा सुरक्षाको पाटोमा आश्वस्त हुन सकिने गरी भरपर्दो सुरक्षा तथा अनुगमन व्यवस्था भएको पाइएन ।पालिकाले म.ले.प.फा.नं. १०२ देखि १०८ सम्मको अभिलेख तथा कागजात तयार नगरेको कारण सफ्टवेयरबाट उत्सर्जित तथ्याकं भिडान गर्न सकिएन । उल्लिखित कमजोरीमा सुधार गर्दै सफ्टवेयरलाई सुरक्षित, विश्वसनिय, र भरपर्दो बनाइनुपर्दछ ।	
१२१			**आन्तरिक आयको तथ्याङ्क** \स्थानिय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको वित्तीय प्रतिवेदनको अनुसूची ११ मा कुल गैर कर राजस्व रु १,०८,५७,७१०.३५ संकलन भएको उल्लेख छ । कार्यालयले तयार गरेको एकिकृत आय व्यय विवरणमा कुल आन्तरिक आय रु ३८,२४,८१०.६५ भएको उल्लेख छ । त्यस्तै आन्तरिक लेखापरीक्षकको प्रतिवेदनमा कुल रु ४४,२२,९९०.०० आन्तरिक आय संकलन भएको उल्लेख छ । यसरी फरक फरक तथ्याकं उल्लेख भएकोमा पालिकाको आन्तरिक आय सम्बन्धी स्रेस्ता तथा अभिलेख व्यवस्थित, पूर्ण र अद्यावद्यिक नहुँदा कुन तथ्याकं सहि हो एकिन गर्ने आधार भएन । आन्तरिक राजस्व व्यवस्थापनमा देखिएका कमजोरीहरु तुरुन्तै सुधार हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२२			**रसिद नियन्त्रण खाता** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्यक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । नगरपालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन । जसवाट २०७७ आषाढमा कति रसिद वाँकी थिए २०७७।७८ मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो एकिन गर्न सक्ने आधार भएन । नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ। राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखि प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
१२३			**रसिद फिर्ता** यो वर्ष विभिन्न वडाले मालपोत र अन्य शुल्क तथा दस्तुर असुलीमा प्रयोग भएका मालपोत रसिद तथा नगदी रसिद र प्रयोग नभई बाँकी रहेका रसिदको विवरण लेखापरीक्षणको क्रममा माग गरेकोमा त्यस्तो विवरण उपलब्ध नभएकोले सबै वडामा के कति रसिद प्रयोग भए र के कती राजस्व असुल भई दाखिला भयो एकिन गर्न सकिएन । नगरपालिकाले पुराना रसिद फिर्ता लिई नयाँ छपाई गरी सिरियल नम्वर लगातार भएका रसिद प्रयोग गराउने र प्रयोग नभएका रसिद आषाढ मसान्तमा फिर्ता लिई खर्च भएका रसिद र सो अनुसारको राजश्व दाखिला सुनिश्चित गरिनुपर्दछ । रसिद र सफ्टवेयर प्रयोगबाट भएको आय सम्बन्धमा छानबिनबाट यथार्थता एकिन गर्नुपर्दछ ।	
१२४			**गिट्टी, ढुंगा, बालुवा उत्खनन परिमाण** पालिकाले सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा लखनदेही खोलामा ३६०००० घन फिट गिट्टी, ढुंगा, बालुवाको लागि ठेक्का लगाएकोमा सो ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायी आर्यन निर्माण सेवाले उत्खनन गरेको परिमाणको यथार्थता सम्बन्धमा प्राविधिक रुपमा मापन गरेको पाइएन । यसले गर्दा उक्त निर्माण सेवाले सम्झौता बमोजिमको परिमाण नै उत्खनन गर्यो वा गरेन भन्ने सम्बन्धमा लेखापरीक्षणबाट एकिन गर्न सकिएन । आय स्रोतको अभिलेख तथा संरक्षणमा कमजोरी गर्ने पदाधिकारी तथा कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाईनुपर्दछ ।	
१२५			**लखनदेही खोला ठेक्का** पालिकाले सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा लखनदेही खोलामा ३,६०,००० घन फिट गिट्टी, ढुंगा, बालुवाको लागि न्युनतम मूल्य प्रति घन फिट रु ४.५० को दरले हुन आउने रु १६,२०,०००.०० मा ठेक्का आव्हान गरेकोमा आर्यन निर्माण सेवाले मु.अ. कर बाहेक रु १६,५०,०००.०० मा ठेक्का पाएको देखिन्छ । पालिकाले ठेक्का लगाउँदा आफ्नो क्षेत्रभित्रको खोलाको भागमा के कती परिमाणमा उत्खनन गर्न सकिन्छ वा वातावरणिय दृष्टिले उपर्युक्त हुन्छ भन्ने सम्बन्धमा कुनै वातावरणिय मूल्यांकन प्रतिवेदन तयार गरेको पाइएन । सन् २०१५ मा तत्कालिन जिल्ला विकास समितिले तयार गरेको EIA report को आधारमा बार्षिक परिमाण एकिन गरेको जनाएतापनि उक्त प्रतिवेदनले ५ बर्षको लागि मात्र परिमाण अनुमान गरेकोमा पालिकाले यस भन्दा अगाडीको बर्षहरुमा के कती उत्खनन गर्यो भन्ने सम्बन्धमा कुनै प्राविधिक नापजाँच भएको विवरण लेखापरीक्षणको क्रममा पेश हुन नसक्दा पालिकाले उक्त ठेक्कामा कायम गरेको परिमाणको यथार्थता एकिन हुन सकेन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२६</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर
पालिकाले सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा लखनदेही खोलामा ३,६०,००० घन फिट गिट्टी, ढुंगा, बालुवाको लागि न्युनतम मूल्य प्रति घन फिट रु ४.५० को दरले हुन आउने रु १६,२०,०००.०० मा ठेक्का आव्हान गरेकोमा आर्यन निर्माण सेवाले मु.अ. कर बाहेक रु १६,४५,०००.०० मा ठेक्का पाएको देखिन्छ ।तर उक्त रकममा मू.अ.कर रु २१३८५०.०० सम्बन्धीत राजस्व खातामा दाखिला भएको प्रमाण पेश नभएकोले सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु</td><td>२१३,८५०</td></tr>
<tr><td>१२७</td><td></td><td></td><td>झिम खोला ठेक्का
पालिकाले मिति २०७७/६/७ गते लखनदेही खोलाको लागि शिलबन्दी दरभाउपत्र आव्हान गर्दा झिम खोलाको लागि ठेक्का नं.२-०७७/०७८ उल्लेख भएतापनि परिमाण भने उल्लेख गरेको पाइएन । उक्त ठेक्का सम्झौता नभई रद्द गरिएको कार्यालयले जनाएको भएतापनि रद्द भएको सूचना तथा कारण लेखापरीक्षणको क्रममा प्राप्त हुन सकेन ।उक्त खोलाको वातावरणीय प्रभाव मूल्यांकन द्वारा उत्खनन हुन सक्ने बालुवा, गिट्टी, ढुंगाको परिमाण एकिन गरी प्रतिस्पर्धात्मक विधिबाट ठेक्का लगाईनुपर्दछ र आय स्रोतको प्रभावकारी परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२८</td><td></td><td></td><td>आय उपकरण परिचालन
पालिकामा निम्नानुसार उपकरण रहेको र उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ति उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय विष्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । उपकरणहरु नगरपालिकाका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरुको मौखिक निर्देशनमा परिचालन हुने जनाएको छ । नगरपालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ
<table>
<tr><th>सि.नं.</th><th>सामानको विवरण</th><th>इन्धन लागत</th><th>जनशक्ति लागत</th><th>मर्मत लागत</th><th>आय</th><th>खर्च</th><th>वचत</th></tr>
<tr><td>१</td><td>एक्साभेटर १</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td></tr>
<tr><td>२</td><td>जे.सि.बि. १</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td></tr>
<tr><td>३</td><td>ट्रिप्पर २</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td></tr>
<tr><td>४</td><td>एम्बुलेन्स १</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td><td>नखुल्ने</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२९</td><td></td><td></td><td>मनोरञ्जन कर
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७6।77 मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३०			**दस्तुर निर्धारण** नगरपालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।	
१३१			**सवारी कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
१३२			**व्यवसाय कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।नगरेको	
१३३			**धरौटी तर्फ**	
१३३.१			स्रोत नखुलेको धरौटीः भौचर नं. ७७-०७८/३/२० बाट स्रोत नखुलेको भनी आम्दानी जनाएकोमा उक्त स्रोत एकिन गर्नुपर्ने देखिएको रु	५८६,३७९
१३३.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर विवरण बुझाएको प्रमाण कागजात पेश गरेपछी धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले भौचर नं. ५१-०७७/१०/२३ बाट एम.ए.डब्लु कमर्सियत भेहिकल्स प्रा.लिलाई कर विवरण बिना धरौटी फिर्ता दिएकोले उक्त नियमावलीको व्यवस्था बमोजिम कर विवरण बुझाएको प्रमाण कागजात पेश गर्नुपर्ने रु	१८७,७६५
१३३.३			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर विवरण बुझाएको प्रमाण कागजात पेश गरेपछी धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले भौचर नं. ६७-०७८/३/३ बाट एम.ए.डब्लु मनिषा कम्प्युटर एण्ड इन्टरप्राइजेज प्रा.लिलाई कर विवरण बिना धरौटी फिर्ता दिएको रु	६५,०००
१३३.४			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर विवरण बुझाएको प्रमाण कागजात पेश गरेपछी धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं. ४६-०७७/८/१८ बाट श्री लक्ष्मी नारायण महादेव निर्माण सेवालाई कर विवरण बिना धरौटी फिर्ता दिएकोले उक्त नियमावलीको व्यस्था बमोजिम कर विवरण बुझाएको प्रमाण कागजात पेश गर्नुपर्ने रु	८००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३४</td><td></td><td></td><td>अनुगमन तथा मूल्यांकन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः
<table>
<tr><th>गत वर्षको बेरुजु रकम रु (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी(C=A-B)</th></tr>
<tr><td>२५९५०२</td><td>0</td><td>२५९५०२</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३५</td><td></td><td></td><td>अद्यावधीक बेरुजु स्थिति
नगरपालीकाको आर्थिक वर्ष २०७६।७७ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छः
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी रु (C)</th><th>यो वर्षको सं पं बाट कायम वेरुजु (D)</th><th>यो वर्षको कायम वेरुजु (E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>२५९५०२</td><td>0</td><td>८७२०१</td><td>३४६७०३</td></tr>
</table></td><td></td></tr>
</table>